चीन बादशाहबाट पनि हजुरमाथी ठूलो निगाहा राखी अघिका महाराजहरूलाई बक्सीयाको यो खिताव पोशाकहरूलाई हाल हजुर्मा पनि वक्स मै आउँदा श्री ५ महाराजाधिराजबाट खुसी साथ पेश गर भनि हुकुम वक्से बमोजिम पेस गर्दछु ली वक्से जावस माहाराज हामी भाई गुरू प्रोहित भारदार फौज प्रजा प्राणीहरूले परमेश्वर सित यही प्रार्थना गर्दछौं कि हजुर्को यस्तै तरह सीत रोल बलोस अकवाल प्रताप बढ्दै जावस ..... ।[34]

चिनिया प्रतिनिधिमण्डलका साथ श्री ५ को तर्फबाट चीनका बादशाहलाई अर्जि र उपहार पठाइयो। प्रतिनिधिमण्डलका लागि जम्मा रु. १०,४३३।८०, बादशाहको लागि उपहारको लागि ५५५।२३।२ र चिनिया अधिकारीलाई बक्सिसका लागि २८२८।३९।१ खर्च भएको थियो। [35]

चीन बादशाहद्वारा प्रदानित उक्त खितावमा यस प्रकार घेरै लामो प्रयास पश्चात चन्द्र विभिन्न थरिका पोशाकहरू थिए। चन्द्र शम्शेरले खिताव लगाई माई भारदार जङ्गी, निजामति कर्मचारी सम्मिलित भएको समूहले शहर पनि परिक्रमा गरेको थियो।

---

३४. उही

३५. सम्मानका पोशाकहरूको सूची यस प्रकारका छन् –

चीनिया दूत मण्डलले खितापको पर्माना साथ आयाको मालको फाँट:–

हौमि षाल भित्री किनारमा स्यौतो षाल (सेतो खोल) भयाको भाङ फाड कुचीन वषु –	१
निलो कुचिनको स्यान ची –	१
लाउ फिषालको टोपी माथी लाल मानिकको गजुररातो सिमाको अपाको (?) नीलो कपराको षोल स्मेत भयाको–	१
टादु भन्या माला १ मा निला पथरमा रंग विच विचमा मुगा ३ भन्याको चांडीको च्यूसे स्मेतको	
निलो कपडाको षोल –	१
कालो कुचिनको ढोंचा –	१
ठुस्याउ पटुका स्मेत –	१
निलो सिस्पानको पटुका –	१

सार्विक बमोजिम घटी मै आयाँको माल फेरी बक्साई पठाई दिएको मनी अंवाले लेषी पठाएको माल मध्ये पछि हुलाकद्वारा नेपालमा पठाई दिएको माल

छीन षालाका चाउ टाउ –	१
ल्याउफी षालका दर्सन गर्दा लाउन्या वषु –	१
ल्याउपी षालको कठालो –	१
छिनेषु षालको दर्सन गर्दा लाउन्या टोपी –	१
रातो मानिकको गजुर दर्सन गर्दा लाउन्या –	१
ठेबीसन षालका ल्याउफीको विछाउना –	१
हो भन्या भित्री भयाको दर्सन गर्दा लाउन्या लुगा –	१
हो भन्या भित्री भयाको कठालो –	१
वर्षामा लाउन्या टोपी –	१
वर्षामा लाउन्या टोपी रातो मानिकको गजुर स्मेत –	१

शम्शेरले "थोङ लिङ पिम्माको काङ वाङ स्याङ" पाए। तर अधिका महाराजले पाएमन्दा कम पोशाक आएकोमा चन्द्र शम्शेर पूर्ण प्रसन्न भएनन्। श्री ५ तर्फबाट "हाम्रा वजीरलाई आएको पोशाकको फेहरिस्त हेर्दा अधिको मन्दा घटी आयाकाले साबिक बमोजिम पठाई दिने" भन्ने व्यहोराको चिठ्ठी ल्हासास्थित चिनिया अम्बालाई पठाइयो।[36] अम्बाले साबिक बमोजिम घटी भै आयाको माल फैरि बादशाहलाई बक्साई हुलाकद्वारा पठाई दिए।[37]

चीन बादशाहबाट बढी सम्मान प्राप्त गर्ने चन्द्र शम्शेरको प्रयास

श्री ३ महाराज चन्द्र शम्शेर अन्य महाराजहरूले जस्तै उपाधि पाएर मात्र सन्तुष्ट हुन सकेनन्। उनी आफ्ना पूर्वाधिकारीहरू मन्दा बढी चीनबाट कदर भएको हेर्न चाहन्थे। भोट-चीन संघर्ष (१९०८-१२ ई.) मा भोटले चीन विरुद्ध लड्न नेपालसंग सैनिक सहयोग मागेको थियो, तर चन्द्र शम्शेरले इन्कार गरिदिए। यस घटनाबाट चीनप्रति आफू वफादार भएको देखाई चीन बाट विशेष सम्मान पाउन् चन्द्र शम्शेरले प्रयास गरे। सर्वप्रथम ल्हासास्थित नेपाली वकील जीत बहादुरलाई चिनिया अम्बासंग कुराकानी गरी श्री ३ महाराजलाई चिनिया बादशाहबाट खिताब प्रदान गर्न उद्योग गर्न आदेश दिइयो।[38] जीत बहादुरको प्रयत्नबाट उक्त कार्य सफल नहुने देखि श्री ५ बाट अम्बालाई पत्र लेखियो-जसमा नेपालले भोटलाई सैनिक सहयोग नगरेकोमा नाराज भएको र यस मौकामा चीन बादशाहबाट श्री ३ महाराजलाई विशेष सम्मान प्रदान नभएमा भोटमा नेपालको इज्जत कम हुने शङ्का व्यक्त गरिएको थियो।[39] यसको जवाफमा अम्बाले बादशाहमा अर्जि लेखी पठाउने आश्वासन दिए। नेपाल सरकारबाट पटक पटक यस विषयमा तरताकिता गरियो, जीत बहादुरले समेत खिताब बक्साउन यथेष्ट प्रयत्न गरे। तर चन्द्र शम्शेरले विशेष सम्मान पाई हाल्न सकेका थिएनन्। यसै बीच "थोङ लिङ पिम्माको काङ वाङ स्याङको" आधारमा पनि चीनले नेपालमाथि प्रभुसत्ता जिकीर गरेकाले चन्द्र शम्शेरले अंग्रेज सरकारको सल्लाहमा चीन बादशाहबाट विशेष सम्मान पाउने प्रयत्न छाडिदिए। अब

नीलो कुचिनमा बिजुली बुट्टा भयाको बिछ्याउने — १
पानी पर्दा लाउन्या टोपी — १
पानी पर्दा लाउन्या टोपी माथी रातो रेसमको झुपा — १
पहिलो पटकमा पनी छुटमै आयेकाले साबीक भन्दा घटी भएको माल थान — ५
सिगीसन पटुका स्मेत — १
४ छापा बिजुली बुट्टा भएको ठूला क्लाच — १
सुनको फुल जस्तो जोर — १
रातो वनात्को बर्साधी — १
रातो वनात्को टोपीको घोल — १

३६. श्री ५ बाट अम्बालाई १९६० वि. सं. ज्येष्ठ सुदि ४ मा पठाएको पत्र, पोका नं. ७०, परराष्ट्र मन्त्रालय अभिलेखालय

३७. खिताब आउँदाको साबिक, पूर्ववत्, टिप्पणी संख्या २४

३८. १९६७ वि सं भाद्र ९ रोज ४ मा श्री ३ चन्द्रले जीत बहादुरलाई पठाएको पत्र, पोका नं. ८०, परराष्ट्र मन्त्रालय अभिलेखालय

३९. श्री ५ बाट अम्बालाई पठाएको पत्र, उही

उल्टो श्री ५ बाट अम्बालाई श्री ३ महाराजलाई हाले चिनिया बादशाहबाट कुनै सम्मान प्रदान भै आएमा मोट नेपालप्रति नाखुस हुने तर्क दिई निम्न चिठ्ठी पठाइयो :

"हामीले सङ्कष्ट परेको वखतमा पुकारा गर्दा पनि केही हार गुहार गरेनन् भने कुरा हाल प्रकाश गर्न सक्दैनन् तापनि भीत्र अभ्यंतरमा अवश्य लियाका छन् भीका पन्यो भने तिनीहरूले रंज प्रकाश गर्नालाई बाको राषने छैनन् तेस्तोमा झन पछि काम कुराका सम्बन्धले श्री ५ चीन बादशाहबाट केहि खिताव निगाहा भै आयो भने तेर्सै पनि चौदिनगयाका भोटेहरूका मन्मा गोर्षा सरकारले हावीलाई यस्तो गरे वापत पायाको हो भन्या संझिने भै तीनिहरूले झन ज्यादा चोढ मन्मा लिन्या चिह्न जस्तो मैरहन जाने होला कि भन्ने देखिन्छ ....."[40]

यस प्रकार पहिले नेपालबाट भोटमा नेपालको अस्तित्व कदर नहुने आधार दिई चन्द्र शम्शेरलाई सम्मान गरिनको लागि विभिन्न कारवाईहरू भए । तर पछि नेपालले यस्तो स्थितिमा कुनै सम्मान पाएमा भोट नै नाराज हुने तर्क दिइयो । तर वास्तवमा चिनिया सम्मानको आधारमा नै चीनले नेपालको सप्रभुसत्तामा आँच ल्याउने धृष्टता गरेकोले नै चन्द्र शम्शेरले कुनै सम्मान अब उप्रान्त नलिने विचार गरी उक्त पत्र पठाउन लगाएका थिए ।

चीनबाट नेपालको संप्रभुसत्तामा दावी

चीन–भोटको संघर्षमा नेपालले १८५६ ई. मा भएको थापायली सन्धिबाट पाएका सुविधाहरूमा नराम्रो असर पऱ्यो । चिनियाले भोटस्थित नेपाली व्यापारीहरूलाई कर तिर्न बाध्य गराए, अनिवार्य झारा गराउन खोजे, नेपाल र भोटका नागरिकहरूका झगडाहरूमा हस्तक्षेप गर्न थाले । यसका अतिरिक्त, भोटस्थित धेरै नेपाली व्यापारीहरूको ज्यू, धनमाल नराम्रोसंग नोक्सान भयो । नेपाली नागरिकहरूको सुरक्षाको लागि नेपालले भोटमा नेपाली फौज पठाउने सुरसार गऱ्यो ।[41] यस स्थितिमा अंग्रेज सरकारले नेपालीहरूको भोटमा सुरक्षा हुनुपर्ने र परम्परागत अधिकारमा कुनै प्रकारको हस्तक्षेप नगर्न अनुरोध गऱ्यो ।[42] उता चीनको विदेश विभागले अंग्रेज सरकारको यस विषयमा कुनै सरोकार नभएको उल्लेख गर्दै नेपाल, भुटान र सिक्किममाथि चीनको प्रभुसत्ता भएको दावी गऱ्यो ।[43] नेपालको प्रभुसत्तामा दावी गर्नाका मुख्य २ आधारहरू थिए, पहिलो नेपालबाट प्रत्येक ५ वर्षमा चीनमा पठाउने शिष्टमण्डलको प्रचलन र दोस्रो, नेपालका श्री ३ महाराजाहरूलाई प्रदान गरिने 'थुङ लिङ पिम्माको काङ वाङ स्याङ"को सम्मान । यस खिताबको सही अर्थ विषयमा नेपाल र अंग्रेज सरकार दुवै अन्योलमा परे । अंग्रेज सरकारले यस सम्मानको सही अर्थ जानकारी दिन पेकीनस्थित आफ्नो दूतावासलाई आदेश दियो । दूतावासबाट उक्त खिताब चीन राज्य अन्तर्गत रहने राज्यका सरकार प्रमुखलाई दिइने प्रचलन भएको जानकारी आयो ।[44] अंग्रेज सरकार नेपालले चीन पठाउने सौगात मण्डल र चीनबाट शिष्टमण्डल आई श्री ३ हरूलाई सम्मान गर्ने परम्परालाई पहिलेदेखि नै शङ्काको दृष्टिले हेर्ने गर्दथे । चीनको दाबीले गर्दा अंग्रेज सरकारलाई यो प्रथा बन्द गराउन नेपाललाई दबाब दिन सजिलो हुन गयो ।

"थोङ लिङ पिम्माको काङ वाङ स्याङ" को

४०. सोही ले सोहीलाई (वेमिति) उही

४१. चीन भोटमा संघर्ष भएको वखतमा भोटस्थित नेपालीहरूको धनजनको नोक्सान भयो र नेपालले भोटस्थित आफ्ना रैती महाजनहरूको सुरक्षाका लागि भोटमा सैनिक पठाउने तयारी गरेको थियो, विस्तृत विवरणका लागि हेर्नु होस् किताव नं. १७६–७९, शाही नेपाली जङ्गी अड्डाको अभिलेखालय

४२. मजुमदार, पूर्ववत टिप्पणी संख्या १७, पृ. १९४

४३. उही

४४. उप्रेती, पूर्ववत पाद टिप्पणी संख्या ६, पृ. १९४

सही अर्थ विषयमा चन्द्र शम्शेर अब उत्सुक देखिए । संभवतः उनले ह्लासास्थित नेपाली वकीललाई चिनिया-संग र अन्य सम्बन्धित दोभाषेसंग बुझी उक्त उपाधिको खास अर्थ लेखी पठाउन आदेश दिएका थिए । चन्द्र शम्शेर को निर्देशन अनुसार नेपाली वकील (जीत बहादुर ?) ले ह्लासास्थित चिनिया र नेपाली दोभाषेसंग सम्पर्क राखी उक्त उपाधिको खास अर्थ विषयमा तहकिकात गर्न थाले। चिनिया उपाधि विषयमा चार थरिका अर्थ सम्बन्धित विशेषज्ञहरूले लगाए । सोही विवरण नेपाली वकीलले श्री ३ महाराज समक्ष जाहेरी गरी पठाए । यस जाहेरी-मा उक्त सम्मानका चार थरिका बेग्लाबेग्लै अर्थ लगा-इएको छ । [४५]

यो चिनिया सम्मान पहिलो पटक पाउने जङ्ग बहादुरले सोको अर्थ "The highly honoured commander and controller of Milit-ary and political Affairs, the Augmen-ter and Instruction of the Army, the Aggrandizer of the country, the satis-fier of the low and high by increasing the prosperity and revenue of the country, the Great inheritor of Fidelity and Faithfulness of the salt" [46] लगाएका थिए । राइटले उक्त चिनिया सम्मानको अर्थ 'Leader of the army, the most brave in every enter-prise perfect in every thing, master of the army Maharaj" लगाएका छन् । [47] भारत-को राष्ट्रिय अभिलेखालयमा प्राप्त एक प्रलेखमा यसको अर्थ "General in chief of the army, truely brave prince and Prime Minis-ter" उल्लेख छ । [48]

यस प्रकार चिनिया उपाधि विषयमा पहिले धेरै प्रकारका अर्थ लगाइएको देखिन्छ । तर पछि गएर यो सम्मान चिनिया बादशाहद्वारा अन्तर्गतका राज्यहरूका सरकार प्रमुख र मन्त्रीहरूलाई दिइने इतरको कुरा पत्ता लाग्यो ।

नेपाली महाराजाहरू यसको सही अर्थ नबुझी आफ्नै ढङ्गले गरिमा बढाउन उक्त सम्मानप्रति लाला-यित भएको देखिन्छ । जब यसै सम्मानको आधारमा चीनद्वारा नेपालको प्रभुसत्ता दावी गरेकाले नेपालमा यस विषयमा खुल्दुली चलेको हो । शुरू शुरूमा यो खितावलाई चीन बादशाहबाट प्रदान गरिने ज्यादै ठूलो सम्मान भन्ने धारणा लिई नेपाली महाराजाहरूले सो सम्मानका लागि प्रयत्न गरे । तर यसको सही अर्थ जानकारी भएपछि भविष्यमा चीनबाट यस्तो उपाधि नलिने निर्णय गरेको देखिन्छ । तर यसको विवाद ठुङ्गो नलाग्दै चीनमा राज्य क्रान्ति भै मन्चु शासनको अन्त्य भयो र गणतन्त्र स्थापना भयो । गणतन्त्र स्थापना भए-पछि चीनले नेपालको प्रभुसत्तामा कहिले पनि दावी गरेन र श्री ३ जुद्ध शम्शेरलाई स्वतन्त्र विदेशी राजनी-तिज्ञलाई प्रदान गरिने उपाधि "चितेन वाटिङ सुन चियान" प्रदान गऱ्यो । यस पश्चात "थुङलिङ पिम्माको काङ वाङस्याङ"को प्रक्रिया पनि समाप्त भयो ।

निष्कर्ष

नेपालका श्री ३ महाराजाहरूको चीन बादशाह-द्वारा प्रदानित सम्मानप्रति ठूलो लगाव र चाहना भएको देखिन्छ । श्री ३ हुनासाथ थुङ लिङ पिम्माको काङ वाङ स्याङको सम्मान प्राप्त गर्नाको लागि श्री ५ बाट ह्लासास्थित चिनिया अम्बाहरूलाई पत्रहरू पठाई यस विषयमा तरताकिता पनि भैरहन्थ्यो । यस सम्मान प्राप्त गर्न लालायित हुनाका विभिन्न कारणहरू थिए । प्रथमतः राणा श्री ३ हरू यस उपाधि प्राप्त भएपछि

४५. चिनिया सम्मानको चार थरिका अर्थको विवरणका लागि हेर्नुं होस्– रमेश ढुङ्गेल "ऐतिहासिक चिनिया पदक" गोरखापत्र २०४२ बैशाख १५

४६. मानन्धर, पूर्ववत टिप्पणी संख्या ९, पृ. १३०

४७. डेनियल राइट, हिस्ट्री अफ नेपाल, कलकत्ता : रुजन गुप्ता, तेस्रो संस्करण १९६६, पृ. १९५

४८. मानन्धर र मिश्र, पूर्ववत टिप्पणी संख्या ८, परिशिष्ट "आई"

आपनो पदको मान्यता भएको सम्झन्थे । दोस्रो, नेपालले भोटमा घेरै नै विशेषाधिकार पाएको थियो । जसको निर्वाध उपभोग गर्न चीनको समर्थनको आवश्यकता थियो । थोङ लिङ पिम्माको काङ वाङस्याङको सम्मान प्राप्त भएपछि चीन बादशाह प्रसन्न भएको सम्झिन्थ्यो । यसैले उक्त सम्मानका पोशाक र चीन बादशाहको अर्जि लिएर आउने दूत मण्डललाई काठमाडौंमा भव्य स्वागत गरिने प्रचलन थियो । चन्द्र शम्शेरले "थोङ" बाहेक अर्को सामान प्राप्त गर्ने कोशिश पनि नेपालको अधिकार भोटमा सुरक्षित गराउनेतर्फ नै लक्षित थियो । १८५६ ई. को सन्धिको पहिलो धारामा नै चीन बादशाहलाई "आदर गर्ने" उल्लेख गरिनुको तात्पर्य पनि सन्धिप्रति चीनको समर्थन प्राप्त गर्नु नै थियो । तेस्रो, छिमेकी राष्ट्र हरूलाई नेपालको सम्बन्ध चीनसंग घनिष्ट भएको प्रमाण देखाउन पनि चिनिया सम्मान प्राप्त गर्ने श्री ३ हरूले चाहना गरेको देखिन्छ । वास्तवमा यस खिताव-प्रति नेपाल र चीनको बेग्लाबेग्लै दृष्टिकोण रहेकाले नै विवाद उत्पन्न भएको हो ।

फर्पिङ्गको ऐतिहासिक परिचय

—उद्धव आचार्य

काठमाडौंबाट १६ किलोमिटर दक्षिणमा अवस्थित फर्पिङ्ग चन्द्रागिरि पहाड शृङ्खलासंगै अवस्थित छ। यो भू—भाग बलौटे चुन ढुङ्गाको आधारमा पत्रे दार चट्टानबाट बनेको छ।[1] यहाँ "प्लिष्टोसिन" युगको एउटा हात्तीको फिमर (खगालो हाड) पाइएकोले यस क्षेत्रको भौगोलिक बनावट काश्मिर, स्पिति तथा उत्तरी कुमाउसंग मिल्ने देखिन्छ।[2] २,५३४ मिटर अग्लो फाखेलस्थित चन्द्रागिरि पहाड यस क्षेत्रको सबभन्दा अग्लो स्थान हो। फर्पिङ्गको बस्तो बसेको ठाउँ भने समुद्री सतहबाट करीब १५०० मिटरको उचाइमा अवस्थित छ।[3] यहाँ श्रावण माद्रमा सरदर २३४ मिलिलिटर पानी पर्दछ।[4] पश्चिम, उत्तर तथा दक्षिण तीनैतर्फ जङ्गल रहेकोले गर्मीमा धेरै गर्मी नहुने र जाडोमा कुहिरो नलागी बिहानदेखि घाम लाग्ने भएकोले फर्पिङ्गको हावापानी रम्य छ।

भाषा वंशावलीमा भीमार्जुन देवले शिखरापुर नगरको स्थापना गरेको कुरा उल्लेख छ।[5] शिखर नारायण मन्दिर नागफणा जस्तो आकारको पर्वतको फेदीमा अवस्थित छ। अतः बौद्ध धर्मावलम्बीहरू शिखर नारायणलाई फणिकेश्वर वेतरांग मन्दछन्। वि.सं. १३९१ (ने सं. ४५५) मा सारिएको अगस्त्य संहिता नामक ग्रन्थमा फर्पिङ्गलाई फणपिगु महानगर भनिएको छ।[6] साथै वि. सं. १६३० (ने. सं. ६९३) को फर्पिङ्गको एउटा ताडपत्रमा पनि फर्पिङ्गलाई फणपिगु भनिएको छ।[7] फणपिगुमा प्रयुक्त गु शब्द विचारणीय छ। गु अथवा गुं शब्द किरात परिवारको भाषा हो, जसले डाँडा वा पर्वत भन्ने बुझाउँछ। हिमवत् खण्ड पुराणमा

१. मेचीदेखि महाकाली भाग २ "मध्यमाञ्चल विकास क्षेत्र", श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, वि. सं. २०३१, पृष्ठ ७०६

२. त्यही, पृष्ठ ७१७

३. जनसंख्या तथा नाप नक्सा आयोजनाका अनुसार

४. श्री ५ को सरकार, जलस्रोत मन्त्रालय, जलवायु विज्ञान विभागले सन् १९७०–८० मा लिएको रेकर्डबाट

५. नयनाथ पौडेल (सं)–भाषा वंशावली, (काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, वि. सं. २०२०), पृष्ठ २६

६. डिल्लीरमण रेग्मी– मिडियभल नेपाल, फष्ट पार्ट (कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय, सन् १९६५), पृष्ठ ४०९–१०

७. परिशिष्ट नं ३

शिखर नारायणको पर्वतलाई ऋक्षवान पर्वत भनिएको छ।[8] पर्वतको शिखरमा स्थापना गरिएकोले यहाँको नारायणलाई शिखरनारायण भनिएको हो। अतः फणपिगु शब्दले नागफणा जस्तो आकारको पर्वत भन्ने अर्थ बुझाएको देखिन्छ। गोपालराज वंशावलीमा हरिदत्त वर्माले चार नारायण स्थापना गरेको चतु शिखरलाई चंगु, इचंगु, बिसंखु (बिचंगु) र फर्पिङ्ग भनिएको छ। चंगु, इचंगु जस्तै फर्पिङ्गको मूलरूप दिएको पाइँदैन तर अगस्त्य संहित र फर्पिङ्गको एउटा ताडपत्रबाट फर्पिङ्ग लाई पनि "फणपिगु" भनिंदो रहेछ भनेर थाहा पाइन्छ। फाखेलमा पाइएको वि. सं. १०७७ (ने. सं. १४०) को पाथीको अभिलेखमा फर्पिङ्गलाई फणपिगु[9] र वि. सं. ११४८ (ने. सं. २१२)मा सारिएको कुञ्जिका मत नामक ग्रन्थमा फलपिग भनिएको छ।[10] यी कुराहरूको आधारमा शिखरनारायणको मन्दिर अवस्थित नागफणा जस्तो आकारको पर्वतलाई फणपिगु भनिएको र त्यसबाट फणपिग, फलपिग, फरपिङ्ग हुँदै आधुनिक फर्पिङ्ग शब्दको विकास भएको देखिन्छ। यसबाट शिखरनारायणको नामबाट शिखरापुर तथा फर्पिङ्ग नाम रहेको देखिन्छ।

नेपालको इतिहासमा शिखरापुर अथवा फर्पिङ्ग भेकले एउटा महत्वपूर्ण स्थान ओगटेको छ। स्वयम्भू पुराणमा महाचीनबाट मञ्जुश्री आई नागदहको रूपमा रहेको काठमाडौं उपत्यकालाई फर्पिङ्गको कटुवाल दहनेर आफ्नो खड्गले काटेर पानी बाहिर पठाई यस उपत्यकालाई बस्ती योग्य बनाएको उल्लेख छ।[11] हिमवत् खण्ड पुराण,[12] नेपाल महात्म्य,[13] पशुपति पुराण[14] तथा अन्य वंशावलीहरूमा बाणासुरका छोरा महेन्द्र दमनले वाग्मती-लाई बग्न नदिएर काठमाडौं उपत्यकालाई पुनः तलाउको रूपमा परिणत गरेकोले मथुराबाट श्रीकृष्ण आई चोमारको डाँडा काटी काठमाडौं उपत्यकालाई बस्ती योग्य बनाएको कुरा उल्लेख छ। गोपालराज वंशावली आदि वंशावलीहरू अनुसार नेपालमा लिच्छविहरू मन्दा अघि गोपाल, महिषपाल, किरात आदि वंशले शासन गरेका थिए। गोपाल वंश नेपालको पहिलो राजवंश मानिएको छ। गोपालहरू शैव धर्मावलम्बी थिए। फर्पिङ्गमा नेपालको एक मात्र गोपालेश्वर रहेका छन्, जसलाई गोपालहरू आफ्नो इष्ट देवता मान्दछन्। हिमवत् खण्ड पुराणमा कामधेनुको आज्ञाबाट श्री विष्णुले गोपालेश्वरको स्थापना गरेको उल्लेख छ।[15] यसरी गोपालवंश नेपालको पहिलो राजवंश ठहरिएको र फर्पिङ्गमा नेपालको एक मात्र गोपालेश्वरको मन्दिर रहेकोले फर्पिङ्ग भेक गोपालवंशी राजाहरूको शासनकाल-देखि नै आवाद भएको देखिन्छ।

---

८. योगी नरहरि नाथ (सं) – **हिमवत खण्ड**, प्रथम : प्रकाश (काशी : गोरक्ष टिल्ला, वि. सं. २०१३) पृष्ठ २२२-२२३

९ रमेशजङ्ग थापा-'फाखेलमा फेला परेका धातुका प्रतिमाहरू', **प्राचीन नेपाल**, (संख्या ४१।४२, वि. सं. २०३४) पृष्ठ २४

१०. रेग्मी, उही, नं: (८), पृष्ठ १४१

११. बद्रीरत्न बज्राचार्य- **स्वयम्भू महापुराण** (काठमाडौं : सानुमाया तुलाधर ने. सं. ११०३) पृष्ठ २७-३९

१२. योगी, उही, नं. (१०), पृष्ठ २४३

१३. मुक्तिनाथ खनाल (अनु.) – **नेपाल महात्म्य**, प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं २०२०) पृष्ठ १०६-११०

१४. मधुसुदन रिसाल (अनु.)- **पशुपति पुराण**, प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२९) पृ. ९८

१५. योगी, उही, नं. (१०), पृष्ठ २२२-२२३

इ पू. छैटौं शताब्दी ताका भारतको श्रावस्तीसंग नेपालको व्यापार सम्बन्ध रहेको देखिएकोले त्यस समयमा नेपालले एउटा राज्यको रूप लिइसकेको कुरा स्पष्ट हुन्छ।[16] त्यसैगरी इ. पु. को तेस्रो शताब्दी ताका पाटलीपुत्र (पटना) संग नेपालको व्यापारिक सम्बन्ध कायम थियो। त्यस बेला नेपालमा बनेका घुमराडीहरूको भारतमा ठूलो माग थियो।[17]

किराँतकालीन फर्पिङ्गको इतिहास स्पष्ट छैन तापनि गणदेवको फर्पिङ्ग अभिलेखमा त्यहाँका खोला, डाँडा तथा स्थानहरूका नाम किराँत भाषाबाट रहेको देखिएकोले किराँतकालमा फर्पिङ्ग भेकमा थुप्रै बस्तीहरूको विकास भैसकेको देखिन्छ।[18]

सिन्धुघाटी आदि प्राचीन सभ्यताहरू नदीको किनारामा मौलाएको पाइन्छ। त्यस्तै प्राचीन बाटाघाटाहरू पनि नदीको किनारै किनार पाइन्छन्, जुन परम्परा आजसम्म पनि कायमै छ। काठमाडौं उपत्यकाबाट फर्पिङ्ग भएर वागमतीको किनारै किनार भारत जान आउन सजिलो र नजीक पर्दछ। नरेन्द्र देवको पालामा कामरूकामाक्षबाट रातो मच्छिन्द्रनाथ र सङ्कटालाई फर्पिङ्गको कटुवाल दहको बाटोबाट काठमाडौं ल्याइएको विश्वास गरिन्छ। अहिले पनि रातो मच्छिन्द्रनाथलाई रथारोहण गर्ने प्रत्येक वर्ष र सङ्कटाको १२ वर्षे यात्रामा कटुवाल दहमा गएर ती देवताहरूको आह्वान गरिन्छ। अतः यस परम्पराले पनि प्राचीनकालमा फर्पिङ्गको बाटो भएर भारत जाने चल्तीको बाटो थियो भन्ने देखाउँछ।

मध्यकालमा पनि दक्षिणतिर जाने बाटोहरू मध्ये फर्पिङ्ग भएर जाने बाटो पनि महत्वपूर्ण थियो।[19] त्यसैले यक्ष मल्लले पूर्वका कोकी राज्यहरूमा आक्रमण गर्ने योजना मिलाउँदा उपत्यका बाहिर जाने मुख्य मुख्य बाटामा परेका प्रान्तका सामन्तहरूसंग सन्धि गर्ने सिलसिलामा फर्पिङ्गका सामन्त शक्ति सिंह रावुतसंग पनि वि. सं. १५१० (ने. सं. ५७३) मा पशुपतिको धर्मशिला छोएर सन्धि गरेका थिए।[20] पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गर्नलाई यसका चारै तिरका महत्वपूर्ण नाकाहरू कब्जा गर्ने सन्दर्भमा वि. सं. १८२० (शक संवत्, १६८५) कार्तिक २० गते बुधवारका दिन फर्पिङ्ग विजय गरेका थिए।[21] त्रिभुवन राजपथ बन्नुभन्दा अघिसम्म नै ललितपुर र काठमाडौंको बाटो कुलेखानीमा आएर छुट्टिन्थ्यो। कुलेखानी आइपुगेपछि काठमाडौं ल्याउनुपर्ने सामान थानकोट भै आउँथ्यो र ललितपुर ल्याउनुपर्ने सामान फर्पिङ्ग भै आउँथ्यो। यसरी प्राचीनकालदेखि नै भारतबाट काठमाडौं उपत्यका पस्नुभन्दा पहिलेको व्यापारिक नाकाको रूपमा फर्पिङ्ग रहेको देखिन्छ। व्यापारिक नाकामा परेकोले फर्पिङ्गको बस्ती गुलजार भएर यहाँ धार्मिक एवं सांस्कृतिक गतिविधिहरू पनि अघि बढेको देखिन्छ।

भाषा वंशावलीमा शिखरापुरनगरको निर्माण गर्ने श्रेय लिच्छवि राजा भीमार्जुन देवलाई दिएको चर्चा माथि परिसकेको छ। तर शिखरापुर अथवा फर्पिङ्गका यसभन्दा धेरै अघिदेखि नै बस्ती बसिसकेको देखिएकोले भीमार्जुन देवले फर्पिङ्गको बस्तीलाई व्यवस्थित पारेको बुझिन्छ। लिच्छविकालमा फर्पिङ्ग सोझै केन्द्रबाट शासित

१६. एस वाग्ची – **मूलसर्वास्तीवादविनयवस्तु**, (दरभङ्गा : मिथिला इन्स्टिच्यूट इ. सं. १९७०) पृष्ठ १७८

१७. सोमनाथ शर्मा (सं)– **कौटिल्यको अर्थशास्त्र**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२४) पृष्ठ १३१

१८. धनवज्र बज्राचार्य– **लिच्छविकालका अभिलेख** – (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३०), पृष्ठ १८३

१९. धनवज्र बज्राचार्य, टेकबहादुर श्रेष्ठ– **दोलखाको ऐतिहासिक रूपरेखा**, (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि., वि. सं. २०३१), पृष्ठ २१

२०. त्यही, पृष्ठ २१

२१. रमेशजङ्ग थापा (सं)– नेपाल देशको इतिहास (प्राचीन नेपाल, संख्या २२, वि. सं. २०२९), पृष्ठ १६

थियो भन्ने कुरा त्यहाँ प्राप्त गणदेव र अंशुवर्माको अभिलेखले बताउँछ । [22] तर विक्रमको एघारौं शताब्दीमा आएर फर्पिङ्गले एउटा विषय (जिल्ला) को रूप लिइसकेको र सामन्त शासकद्वारा शासन गर्न शुरु गरिसकेको देखिन्छ । फाखेल चौरमा प्राप्त पाथीको वि. सं. १०७७ (ने. सं. १४०) को अभिलेखमा "श्री फणपिंग विषयोधिपति महासामन्त श्री किरणाकरजीवस्य प्रवत्तमाने" उल्लेख भएबाट त्यस समयमा किरणाकर जीव फर्पिङ्गका सामन्तका रूपमा रहेका देखिन्छन् । [23] कनकेश्वरको मुकुटको वि. सं. १२९७ (ने. सं. ३६०) को अभिलेखबाट त्यस वेला फर्पिङ्गका सामन्त शासक लक्ष्मीपालजीव देखिन्छन् । [24] यसैगरी फर्पिङ्ग टुटे पानीको वि.सं.१३१७ (ने. सं. ३८१) को अभिलेखबाट त्यस समय जैतराम जीव फर्पिङ्गमा सामन्त शासक देखिन्छन् । [25]

यसरी फर्पिङ्गमा विक्रमको एघारौं शताब्दीको उत्तरार्द्ध देखि चौधौं शताब्दीको पूर्वार्द्ध सम्म जीवान्त नामधारी सामन्तहरूले शासन गरेको देखिन्छ । वि. सं.१३९१ (ने. सं. ४५५) मा फर्पिङ्गमा सारिएको अगस्त्य संहितामा त्यहाँका शासक महाराउत जैतसिंह र उनका छोरा राउत जीव सिंहको उल्लेख छ । [26] उक्त ग्रन्थमा जैत सिंहलाई सुरंकी कुलको भनिएको छ । [27] यसबाट सुरंकी र सुलंकी सोलंकीकै अर्को रूप हो भन्ने देखिन्छ । पूर्व मध्यकालमा भारतको महाराष्ट्र प्रान्तमध्ये वादामी भेकमा चालुक्य वंशी राजाहरूको बोलवाला थियो । [28] पछि यही जाति सोलंकी नाउँले प्रख्यात भयो । [29] सोलंकीहरूले कहिलेदेखि नेपालमा प्रवेश गरे यसबारे किटान गर्न सकिएको छैन तापनि फर्पिङ्गमा वि. सं. १३१७ (ने. सं. ३८१) सम्म जीवान्त नामधारी सामन्त हरूले शासन गरेको र वि. सं. १३९१ (ने. सं ४५५) मा मा सोलंकी रावुतहरूले फर्पिङ्गलाई आफ्नो स्वतन्त्र राज्यको रूपमा खडा गरिसकेको देखिएकोले विक्रमको चौधौं शताब्दीको उत्तरार्द्ध देखि यी सोलंकीहरूले फर्पिङ्गमा शासन गर्न थालेको अनुमान हुन्छ ।

रुद्रमल्लको मृत्युपछि केही समय केन्द्रको शासनमा कमजोरी आएको देखिन्छ । [30] अतः केन्द्रीय शासन फितलो भएको मौका पारेर सोलंकीहरूले फर्पिङ्गमा शासन गर्न शुरु गरेको बुझिन्छ । केन्द्रमा कमजोरी आएमा अधिनस्थ सामन्तहरू स्वतन्त्र हुन चेष्टा गर्ने परम्परा लिच्छविकालदेखि नै चल्दै आएको थियो । यस्तो अवस्थामा ती सामन्तहरूलाई कज्याउन सकिएन भने राज्य नै टुक्रिने सम्भावना हुन्थ्यो ।

गोपालराज वंशावलीमा त्रिपुर र मानिगल मिली वि. सं १३९० (ने. सं. ४५३) मा हमला गर्दा पनि फर्पिङ्ग खुलाउन नसकेको कुरा उल्लेख गरिएको छ । [31] यसबाट यस समयमा फर्पिङ्ग स्वतन्त्र

२२. बज्राचार्य, उही नं. (२०), पृष्ठ १८२–१८३, ३६८

२३. थापा, उही नं. (११), पृष्ठ २४

२४. परिशिष्ट नं. १

२५. रामजी तेवारी समेत (सं) – **अभिलेख संग्रह**, नवौं भाग (काठमाडौं : संशोधन मण्डल, वि. सं. २०२०) पृष्ठ २७

२६. रेग्मी, उही नं. (८), पृष्ठ ४०९–४१०

२७. त्यही, पृष्ठ ४१०

२८. जगदीश चन्द्र रेग्मी- "फर्पिङ्गको सोलङ्की रावुत" **मधुपर्क**, अङ्क ११ (वि. सं. २०२५), पृष्ठ ६७

२९. त्यही, पृष्ठ ६६

३०. धनबज्र बज्राचार्य- "शक्तिशाली भारदार रामवर्धनहरू र तत्कालीन नेपाल" **पूर्णिमा**, पूर्णाङ्क ७, (वि. सं २०२२) पृष्ठ १४

३१. धनबज्र बज्राचार्य, कमलप्रकाश मल्ल– **दि गोपालराज वंशावली**, (काठमाडौं : नेपाल रिसर्च सेन्टर, इ. सं. १९८५), पृष्ठ २८

र बलियो राज्यको रूपमा खडा भैसकेको अनुमान हुन्छ। वि. सं. १३९१ (ने सं. ४५५) मा सारिएको अगस्त्य संहिता अनुसार जैतसिंहले नुवाकोटसम्म आफ्नो राज्य विस्तार गरी त्यहीं राजधानी बनाएका थिए।[32] यस-बाट जैतसिंहले फर्पिङ्गलाई एउटा स्वतन्त्र राज्यको रूपमा कायम गरेको कुरामा पुष्टि मिल्दछ। गोपालराज वंशावलीमा वि. सं. १३९४ (ने. सं. ४५७) मा फर्पिङ्ग-का रावुतको अस्त भयो[33] भनी जनाएबाट त्यही वर्ष जैतसिंहको मृत्यु भएको अनुमान हुन्छ। माथि उल्लेखित अगस्त्य संहितामा फर्पिङ्गका महाराउत जैतसिंह र उनका छोरा कुमार सिरोमणि जीवसिंहको उल्लेख भएकोले जैतसिंहको मृत्यु पश्चात जीव सिंह फर्पिङ्गका शासकका रूपमा रहे होलान् भन्ने अनुमान हुन्छ। वि. सं. १४२९ (ने सं. ४९२) को स्वयम्भू अभिलेखबाट त्यस समय फर्पिङ्गका रावुतका रूपमा युथसिंह देखिन्छन्। युथसिंह-लाई त्रिशक्ति (उत्साह शक्ति, प्रभु शक्ति र मन्त्र शक्ति) गुण सम्पन्न भनी उल्लेख भएबाट यिनी प्रख्यात शासकका रूपमा रहेका देखिन्छन्।[34] वि. सं. १४७७ (ने. सं. ५११) को फर्पिङ्ग गोरखनाथको शिलालेखबाट युथसिंह-ले भाइहरूका साथ शासन गरिरहेको देखिन्छ।[35] उक्त अभिलेखमा गद्दीनसीन राजाको रूपमा जयस्थिति मल्ल-को उल्लेख भएकोले जयस्थिति मल्लको उदय भएपछि उनले फर्पिङ्गका सामन्त शासकहरूलाई अधिनस्थ पारेको देखिन्छ।

फर्पिङ्गमा हरिशङ्कर यात्राको उपलक्ष्यमा खेला-इएको रामायण नाटकबाट पनि त्यस समयमा युथसिंहले जयजैत सिंह, जय राज सिंह र जय युद्ध सिंहका साथ मिलेर शासन गरेको देखिन्छ।[36] यहाँ युद्ध सिंहलाई यक्ष सिंहका छोरा भनी उल्लेख गरिएको छ। वि.सं. १४३३ (ने. सं.४९६) को कुमारको शिरमा रहेको अभिलेखमा वीर महाराउत-यक्ष सिंहको उल्लेख छ।[37] वि.सं. १४६३ (ने सं. ५२७) को झंकेश्वरी पछाडि रहेको शिलालेखमा युथसिंहको नाउँ नपरी जय जैत्र सिंह, जय बोध सिंह, श्री राम सिंह र श्री देव सिंहले शासन सम्हालिरहेको देखिएबाट यस समयमा युथसिंहको मृत्यु भैसकेको बुझिन्छ।[38]

वि. सं. १४७७ (ने सं. ५५२) को नारायण डबलीको शिलालेखबाट त्यस बेला फर्पिङ्गमा रामसिंह, धर्मसिंह, देवसिंह र नाथसिंहको संयुक्त शासन चलेको देखिन्छ।[39] उक्त शिलालेखमा यी संयुक्त शासकमध्ये देव सिंहकी पत्नी जैत लक्ष्मीलाई सेन राजाकी छोरी भनिएको छ। अन्य शासकका पत्नीको कूल उल्लेख नगरी यिनको मात्र कूल उल्लेख गरिएबाट सेन राजाहरूसंग वैवाहिक सम्बन्ध कायम हुँदा यिनीहरूले आफूलाई गौर-वान्वित संझेको बुझिन्छ। यी संयुक्त शासक मध्येका देव सिंहका भाइ शक्ति सिंहका छोरा दशकीर्ति सिंहको मृत्यु भएकोले यिनैलाई लख गरी वि सं. १४७७ (ने.सं.५४१) मा शक्ति पुरुषोत्तमको मूर्ति स्थापना गरेका थिए। त्यस-

३२. रेग्मी, उही, नं. (८), पृष्ठ ४१०

३३. बज्राचार्य र मल्ल, उही, नं. (३३), पृष्ठ ५७

३४. महेशराज पन्त– "चाडवाड जात्रामात्रामा देखाइएका नेपालमा बनाइएका केही संस्कृत नाटक" पूर्णिमा, पूर्णाङ्क ३६, (वि. सं. २०३४) पृष्ठ २९७

३५. रेग्मी, उही नं. (८), पृष्ठ ३५६

३६. पन्त, उही नं. (३६), पृष्ठ २९६

३७. परिशिष्ट नं. २

३८. डिल्लीरमण रेग्मी (सं)– **मिडियभल नेपाल,** थर्ड पार्ट (कलकत्ता, फर्मा के. एल. मुखोपाध्याय, इ. सं १९६६), पृष्ठ ४२–४४

३९. शङ्करमान राजवंशी- राष्ट्रिय अभिलेखालयमा संग्रहित अभिलेखहरू "रोलम्बा" भोलम ६, नं २, अप्रिल–जून १९८६, पृष्ठ १–२

पछि विष्णुको भव्य मन्दिर बनाई वि. सं १४८९ (ने. सं. ५२९) मा उक्त मन्दिरमा सुनको ध्वजा पनि चढाएका थिए।[40] वि. सं. १५१० (ने. सं. ५७३) मा यक्ष मल्लले कोकी क्षेत्रमा आक्रमण गर्ने विचार गर्दा पहिले सुरक्षाका लागि महत्वपूर्ण बाटोमा पर्ने सामन्त शासकहरूलाई शत्रुसंग नमिल्नको लागि पशुपतिको धर्म-शिला छुवाई शपथ खुवाएका थिए। यस सन्धिमा फर्पिङ्गका शक्ति सिंह रावुतले पनि भाग लिएका थिए,[41] वि. सं. १५२४ (ने. सं. ५८८) मा सारिएको धनु शास्त्र-बाट त्यस समयमा फर्पिङ्गमा जय सिंह, ज्योति सिंह, प्रताप सिंह, संसार सिंह, रत्न सिंह र जयकीर्ति सिंह रावुतहरूले संयुक्त रूपमा शासन गरिरहेको देखिन्छ। उक्त धनु शास्त्रमा यक्ष मल्लसंग फर्पिङ्गका ४ रावुतहरू-को लडाई मैरहेको भनी जनाइएको छ। तर फर्पिङ्गको शासन मने ६ जना रावुतहरूले सम्हालिरहेको देखिन्छ। यसबाट २ जना रावुतहरू यक्ष मल्लसंग मिलेको अनुमान हुन्छ।

केन्द्रमा देखापरेको कमजोरीबाट फाइदा उठाई एकातिर ललितपुर, दोलखा आदि प्रदेश केन्द्रको अधि-कारबाट अलग्गिदै थिए भने उता केन्द्रका मल्लहरू भने यसको परिणाम बारेमा त्यति चिन्तित थिएनन्। उनीहरू आफ्नो क्षणिक स्वार्थपट्टि नै व्यस्त थिए। केन्द्र (भक्तपुर) मा प्राण मल्लले आफ्नो अवस्था दृढ पार्न खोजेपछि उन-का काका तथा दाजुभाइहरू यसको विरुद्ध एक भए। कान्तिपुरका राजा नरेन्द्र मल्ल यस विरोधी दलको नेतृत्व गर्न अघि बढे। तदनुसार वि. सं. १६०५ मा पशुपतिको धर्मशिला छोएर ९ वर्षको लागि सन्धि गरियो। उक्त सन्धिपत्रमा फर्पिङ्गका फत्याकु रावुतले पनि भाग लिएका थिए। सो सन्धि प्राण मल्लका विरुद्धमा भएकाले भक्तपुर संग अरू प्रदेशका शासकले सम्बन्ध नराख्ने र त्यस बेला खडा भएका विविध राज्यका प्रशासनमाथि कुनै हस्त-क्षेप नगरिने कुरा पनि उक्त सन्धिमा स्पष्ट उल्लेख गरिएको छ।[43] यसबाट त्यस समयसम्म फर्पिङ्गका सोलङ्की रावुतहरू शक्तिशाली नै रहेका देखिन्छन्। यसपछि फर्पिङ्ग मा शक्तिशाली रावुतहरूको कमै उल्लेख पाइएको छ।

सिद्धिनरसिंह मल्लको समयमा ललितपुर छुट्टै राज्यको रूपमा कायम भएपछि फर्पिङ्ग ललितपुर अन्त-र्गत रह्यो। सिद्धिनरसिंह मल्लपछि श्रीनिवास मल्ल ललितपुरका राजा भए। श्रीनिवास मल्लको समयमा भगीरथ मैया पाटनका शक्तिशाली चौतारा थिए।[44] उनले फर्पिङ्गको आधिपत्य पनि लिएका थिए।[45]

सोलङ्कीहरूको शासनकालमा फर्पिङ्ग महानगर-सम्म कहलाएको थियो। उनीहरूको शक्ति घट्दै गएपछि फर्पिङ्गको स्तर अलि गिरेको थियो। चौतारा भगीरथ मैयाँले फर्पिङ्गको आधिपत्य लिएपछि उनले फर्पिङ्गका सबै ढोकाहरू जीर्णोद्धार गरे। सडकमा ढुङ्गा छापी त्यहाँ-बाट काठ आदि वस्तु तान्न नपाउने गरी सडकको सुरक्षा गरे। फर्पिङ्गका धाराहरूको मर्मत गरी सुचारुरूपले पानी आइरहोस् भनी आलो पालो गरी कुलोको मर्मत गर्ने व्यवस्था बाँधिदिए।[46] तर फर्पिङ्गका यी सुदिनहरू धेरै दिन रहन पाएनन्। श्रीनिवास मल्लको अन्त्यपछि भगीरथ मैयाँको पनि पतन भयो। श्रीनिवास मल्लपछि

४०. त्यही, पृष्ठ १-२

४१. त्यही, पृष्ठ २१

४२. शङ्करमान राजवंशी- "यक्ष मल्लका समयका निश्चित सम्वत् र तिथिमितिहरू", पूर्णिमा, पूर्णाङ्क ९ (वि. सं. २०२३), पृष्ठ १५

४३. त्यही, पृष्ठ ३३

४४. धनबज्र बज्राचार्य-"चौतारा भगीरथ मैयाँ", पूर्णिमा, पूर्णाङ्क ५ (वि. सं. २०२२) पृष्ठ २४

४५. धनबज्र बज्राचार्य (सं)- अभिलेख संग्रह, नवौं भाग (काठमाडौं : संशोधन मण्डल, वि. सं. २०२०)

४६. डिल्लीरमण रेग्मी (सं)- मिडियभल नेपाल, तेस्रो खण्ड, खण्ड ४, बम्बई, सन् १९६६, पृष्ठ १७१-१७२

पाटनको गद्दीमा योगनरेन्द्र मल्ल बसे। उनले फर्पिङ्गमा हरिशङ्कर यात्राको व्यवस्था बाँधे।[47] योगनरेन्द्र मल्लले बाँधेको स्थिति खलल भएकोले वीरनरसिंह मल्लले फर्पिङ्ग हरिशङ्कर यात्राको स्थितिलाई सुधार गरी वि.सं. १७६६ (ने. सं. ८२९) मा पुनः व्यवस्था बाँधे।[48] यसपछिका मल्लकालका महत्वपूर्ण कागजपत्रहरू फर्पिङ्गमा पाउन सकिएको छैन। पृथ्वीनारायण शाहको एकीकरणको क्रममा वि. सं. १८२० कार्तिक २० गते फर्पिङ्ग वृहत् नेपाल राष्ट्रको अङ्ग बन्यो।[49]

शिक्षाको केन्द्रको रूपमा फर्पिङ्ग

शिखरापुर अथवा फर्पिङ्गलाई पुर, नगर, महा-नगर आदि विशेषण दिएको पाइन्छ। भाषा वंशावलीमा यसलाई शिखरापुर नगर भनिएको छ।[50] यसै गरी वि.सं. १३९१ (ने. सं. ४५५) मा सारिएको अगस्त्य संहितामा फणपिंगु महानगर भनिएको छ।[51] कुनै पनि वस्ती आर्थिक, धार्मिक एवं सांस्कृतिक विकासको परा-काष्ठामा पुगेपछि मात्र त्यसलाई महानगर भन्न सुहाउँछ। फर्पिङ्गमा महानगर भन्ने विशेषण लागेकोले पक्कै पनि त्यस बेला फर्पिङ्गको चौतर्फी विकास भएको थियो भन्ने देखिन्छ। पूर्व मध्यकाल ताका फर्पिङ्ग एउटा शैक्षिक केन्द्रको रूपमा रहेको थियो। जुन कुराले फर्पिङ्गलाई महानगर भन्न भनाउन सहयोग गर्दछ।

नेपालमा महा मञ्जुश्रीलाई विद्याको देवताको रूपमा मानिन्छ। स्वयम्भू पुराण अनुसार बुद्धपालको विद्याविहीन पुत्र मञ्जुगर्तलाई विद्याको वरदान दिई महा-मञ्जुश्री फर्पिङ्गस्थित गोपालेश्वरमा अन्तरध्यान भएका थिए।[52] यस कथाले प्राचीनकालदेखि नै फर्पिङ्गमा विद्याको विकास भएको संकेत गर्दछ। पूर्व मध्यकालमा त एउटा शिक्षाको केन्द्रको रूपमा फर्पिङ्गले ख्याति प्राप्त गरेको थियो। अंशुवर्माको समयको फर्पिङ्गका दुवै अभि-लेखहरू बुद्ध धर्मसंग सम्बन्धित छन्। अंशुवर्माको एउटा अभिलेखमा विहारमा धारा बनाएको उल्लेख छ[53] भने अर्को संवत् ४३ को अभिलेखमा बुद्ध मन्दिरमा पूजाको लागि रकम छुट्याइदिएको छ।[54] इशाको आठौं शता-ब्दीमा वज्रयानको प्रख्यात आचार्य पद्म सम्भवले फर्पिङ्ग शिखरनारायण संगै रहेको गुफामा बसेर तपस्या गरेका थिए।[55] आजसम्म पनि पद्म सम्भवले तपस्या गरेको स्थान "याङ्लेश्वर" भनेर शिखरनारायण र असुरही टहाग भनेर गोरखनाथ (फर्पिङ्ग बजार पश्चिम) को गुफा बौद्ध तीर्थस्थलको रूपमा रहेको छ। एघारौं शताब्दीमा फर्पिङ्ग निवासी वागीश्वर कीर्तिका ४ भाइ (धर्ममती, दुस, खोर्पा र थानथु पा) को तिब्बतमा बडो ख्याति थियो।[56] वागीश्वर कीर्ति आफ्ना समयका प्रकाण्ड विद्वान भएकाले विक्रमशील विश्वविद्यालयका पश्चिमद्वारका द्वारपण्डित पनि भएका थिए। यिनी तन्त्र

४७. परिशिष्ट नं. ५

४८. परिशिष्ट नं. ५

४९. थापा (सं), उही, नं. २३, पृष्ठ १६

५०. पौडेल (सं), उही, नं. ७, पृष्ठ ८६

५१. रेग्मी, उही, नं. ८, पृष्ठ ४०९-४१०

५२. बज्राचार्य, उही, नं. (१३), पृष्ठ ९२

५३. बज्राचार्य, उही, नं. (२०), पृष्ठ ३६८

५४. त्यही, पृष्ठ ३७२

५५. सूर्यविक्रम ज्ञवाली– नेपाल उपत्यकाको मध्यकालीन इतिहास, प्रथम संस्करण (काठमाडौं : रोयल नेपाल एकेडेमी, वि. सं. २०१९), पृष्ठ २५१

५६. त्यही, पृष्ठ २७०

विद्याका बडा विद्वान तथा गुह्य समाजका विशेषज्ञ थिए। तिब्बतका अनेक विद्वानहरूले यिनीसंग तन्त्र विद्या अध्ययन गरेका थिए। यिनले वि. सं. १०७२ (ने. सं. १३५) मा लेखेको 'संक्षिप्ताभिषेक विधि' नामक पुस्तक राष्ट्रिय अभिलेखालयमा रहेको छ।[57] वि. सं. १३९१ (ने. सं. ४५५) मा फर्पिङ्गमा अगस्त्य संहिता सारिएको थियो।[58] जयस्थिति मल्ल ताकाका फर्पिङ्गका सामन्त शासक युधसिंहको पालामा फर्पिङ्गमा धर्मगुप्तले लेखेको चार अङ्कको रामायण नाटक हरिश्चन्द्रको यात्रा-को उपलक्ष्यमा प्रदर्शन गरिएको थियो। यस नाटकका नाटककार धर्म गुप्त ठूला राजकवि आर्य श्री बाल सरस्वती भनी प्रख्यात थिए।[59] वि. सं. १२४९ (ने.सं. ३१२) मा फर्पिङ्गमा जेतचन्द्रले ढुङ्गाको सुन्दर सरस्वती मूर्ति स्थापना गरे।[60] यो स्थान हाल सरस्वती डोल नामले प्रख्यात छ। वि. सं. १५१० मा फर्पिङ्गमा हिरण्य सप्तक सारिएको थियो।[61] वि सं. १५२४ मा फर्पिङ्ग-का राम शोम शर्माले धनु शास्त्र सारेका थिए।[62] वि.सं. १६८० (ने. सं. ७४३) को एउटा ताडपत्रमा थंथो विद्या पिठी र क्वथो विद्यापिठीको उल्लेख आएको छ।[63] वि. सं. १७२० (ने. सं ७८३) को फर्पिङ्ग यवलंखु टोल को शिलालेखमा पिद्यपिठी छें को उल्लेख आएको छ।[64] फर्पिङ्ग गोरखनाथ गुफाको तलपट्टि ताराको मूर्ति स्था-पना गरिएको छ र सो स्थानमा तिब्बतका लामाहरू बसी ध्यान गर्दछन्। सो स्थानलाई हिन्दूहरू सरस्वतीको मन्दिर मान्दछन्। फर्पिङ्गमा कार्तिक शुक्ल पूर्णिमाका दिनदेखि कार्तिके नाच भनी मातृकाहरूको नाच नचाइन्छ। यो नाचमा महादेवबाट देश वर्णन गर्दा विद्यापीठलाई पनि देवता सरह नै मान्यता दिएको देखिन्छ।[65] यसरी फर्पिङ्ग भेकमा मध्यकालमा थुप्रै विद्यापीठहरू थिए भन्ने स्पष्ट हुन्छ।

प्राचीन तथा मध्यकालमा आज जस्तो सार्वज-निक स्कूल क्याम्पसको व्यवस्था थिएन। अध्ययन अध्या-पन कार्य गुरुकूलमा तथा विहारहरूमा हुन्थ्यो। लिच्छवि-कालमा फर्पिङ्गमा विहारहरू रहेको तथा मध्यकालमा विद्यापीठ तथा विद्वानहरू रहेको कुरा माथि उल्लेखित प्रसङ्गबाट स्पष्ट भएको छ। फर्पिङ्गमा पहिले १२ वहाल-हरू थिए भन्ने फर्पिङ्गका बूढापाकाहरूको भनाइ छ। हाल बहाल कायम नरहे पनि बीखाबहाल (त्रिभुवन आदर्श मा. वि. रहेको स्थान), द्विगु बहाल (फर्पिङ्ग बजार पश्चिम), गोल बहाल (सार्की टोल), नन्द बहाल (सतिखेल) जस्ता ठाउँका नाउँहरू कायमै छन्। यसबाट पहिले ती ठाउँहरूमा बहाल रहेको बुझिन्छ। प्राचीन कालमा बौद्ध विहारहरू शैक्षिक केन्द्रका रूपमा रहेका हुन्थे भन्ने कुरा नालन्दा महाविहार, विक्रमशील महा-विहार आदिको उदाहरणबाट स्पष्ट हुन्छ। नेपालको ठमेलस्थित विक्रमशील महाविहारमा पनि अध्ययन अध्यापन कार्य हुन्थ्यो भन्ने कुरा थाहा पाइएको छ। अतः

५७. त्यही, पृष्ठ २७१

५८. रेग्मी, उही, नं. (८), पृष्ठ ४०९-४१०

५९. त्यही, पृष्ठ २९६

६०. रुक्मिणी प्रधान– "नेपाली जनजीवनमा देवी सरस्वतीको स्थान" कन्ट्रिब्यूशन टु नेपलिज स्टडिज, भोलम नं. ९ (सन् १९८३), पृष्ठ १९५

६१. राजवंशी, उही नं. (४६), पृष्ठ ११

६२. त्यही, पृष्ठ १४

६३. परिशिष्ट नं ४

६४. राजवंशी, उही नं. (४२), पृष्ठ ३

६५. श्री श्री शिखरापुरी नगर सगर श्री शेषनारायण, श्री गोपालेश्वर, झंकेश्वरी, हलसिद्धि, स्थान, भीम, बुद्ध, विद्यापीठ कुमारी सम्मान

यी कुराहरूको समीक्षा गर्दा फर्पिङ्गका यी विहारहरूमा पनि पठनपाठन कार्यहरू हुन्थ्यो भन्ने बुझिन्छ । यी कुराहरूले त्यस बेलाको फर्पिङ्गको उच्च गतिविधिबारे राम्रो प्रकाश पार्दछ ।

परिशिष्ट १

फर्पिङ्गमा आश्विन कृष्ण नवमीदेखि त्रियोदशीसम्म हरिशङ्कर यात्रा गरिन्छ । उक्त यात्रामा कनकेश्वरको मूर्तिमा लगाउने मुकुटमा यो अभिलेख कुँदिएको छ । लिपि प्राचीन नेवारी छ ।

१. ॐ श्रेयोस्तु सम्वत् ३६० भाद्र पद शुल्क पूर्णिम्यां ॥ श्री त्रिभुवन कनकेश्वर भट्टारकस्य सर्व रथन खतित पत चतुरद्वार

२. संप्रध्यौकितम् ॥ श्री लक्ष्मीपालजीवस्य विजय राज्य ॥ दानपतो टिपीं टोल अधिवासिन दगो भारोस शुभम् ॥

अनुवाद

कल्याण होस् । ने. सं. ३६० (वि. सं. १२९७) भाद्र शुक्ल पूर्णिमा ।

श्री त्रिभुवन कनकेश्वर भट्टारकलाई ..... चार ढोका चढाइयो ।

श्री लक्ष्मीपालजीवको विजयराज्यमा । दानपति टिपीं टोल बस्ने दगो भारो हुन् । शुभ होस् ।

परिशिष्ट २

फर्पिङ्ग झंकेश्वरीको बायाँतर्फ रहेको कुमारको मूर्तिको शिरोभागमा यो अभिलेख कुँदिएको छ । अभिलेखको उतार यहाँ प्रस्तुत छ ।

१. षटनवतिसमायुक्ते । नेपालाब्दचतुशते जेष्टशुक्ल प्रतिपदि मृगमे सोमवासरे ॥

२. महाराउतवीरस्य यक्षासैहस्य सूनुना । श्रीमता जोध शिहेन नरसिंहाक्ष मूर्तिना ।

३. निजानुजस्य वालस्य जिष्णुसिंह इति स्मृते । देवानुयोगभावेन स्वर्गलोक गतस्यतु ।

४. तसौद्देशेन देवस्य । कुमारस्य मनोहरा । स्थापिता शिखरापुर्या पाषाण प्रतिमा शुभा ।

अनुवाद

ने. सं. ४९६ (वि. सं. १४३३) जेष्ठ शुक्ल प्रतिपदा सोमवार मृगशिरा नक्षत्रमा ।

वीहु महाराउत यक्ष सिंहका छोरा, नरसिंह जस्ता श्री जोधसिंहले आफ्ना बालक माइ जिष्णु सिंह देव बसले स्वर्ग हुँदा उनलाई लक्ष गरेर शिखरापुरीमा स्वामी कार्तिकेय देवताको राम्रो ढुंगे मूर्ति स्थापना गर्नु भयो ।

परिशिष्ट ३

यो ताडपत्र फर्पिङ्ग थथेपटोल बस्ने गणेशलाल मानन्धरसंग छ । अभिलेखमा ४ हरफ छन् ।

१. श्रेयोस्तु सम्वत् ६९३ भाद्रपद कृष्ण चतुर्दश्यायांतिथौ श्री फर्गपिगुण गरातस्यत थमलंखुमातान छें जिवन सिंह मारो दिवंगत जुया व त्वं मयीन थव पुरष-स्तंनामनेन श्री श्री श्री इन्द्रराजा त्वंशथो

२. सहितन दम्पति प्रतिमा दयकं इन्द्रजात्रान गुठिस दुंताया भाषा थ्वते थव पुत्र मारसिंह भारो धरम सिंह भारो मगरसिंह भारोगोत्र जिवनसिंह भारो मातानछें आसराम भारोथ्व

३. तेगुथिगणत गुठिस भोजनतंग्रादिन निस्त्ररपयनेयात वंथ दुंता टंकाङ्क तव टंकाछि १ जव टंकाछि १ थ्वतेयाकलन्त्रवर्षप्रति नीयछदाम जवछि दंम २० जव १ मथाचकं थनेमार रिनियाके

४. कास्य वुसमदित्वरे चिन्तायायमार अथवाराहक-ल्पेत्यादि थ्वते दुंतयाफल शास्त्रस हलाक्वस फलजु-यमार थ्वते दामलभ मोह याङन्वपरपं यनसा पन्च महापातकलायु जुरोरिषित श्री त्वंत्रश्वया शुभ ॥ साखिशश भारोदृष्ट

वाफं ४ चहामहुंलेया दंदिभं

अनुवाद

कल्याण होस् । सम्वत् ६९३ भाद्रपद कृष्ण चतुर्दशी तिथिमा श्रीफणपिंगुणगुरात देखि माथि लंखुमाता नछेंका जिवन सिंह भारो दिवङ्गत भई ल्वंभयीले आफ्नो पुरुषको नाममा श्री श्री श्री इन्द्रराजालाई दम्पती प्रतिमा बनाई इन्द्रजात्रा गुठीमा राखेको व्यहोरा ।

आफ्ना छोरा भारसिंह भारो धरमसिंह भारो मगर सिंह भारो गोतियार जिवनसिंह भारो मातसछेंका आसराम भारो यी गुठियारले यस गुठीमा भोजन आदि चलाउन आयस्ता राखेको टंका १ जवटंका १ यसको व्याजले प्रति वर्ष दम्म २० जब १ ले नपुगे नसण लिएर अविछिन्न चलाउनु पर्छ । आज वराह कल्पमा इत्यादि । यो दत्तको फल शास्त्रमा बताए वमोजिम प्राप्त होला । यो दाममा लोभ मोह गरी लोप गरेमा पन्च महापातक लाग्ला । लेखक श्री ल्वंग्वश्व शुभ । साक्षी शाश भारो दृष्ठ । धान ४ पाथीले चतामधी बनाउनु ।

परिशिष्ट ४

यो ताडपत्र फर्पिङ्ग थथेपटोल बस्ने गणेशलाल मानन्धरसंग छ । यो ताडपत्रको अभिलेख भएको भागको लम्बाई १' ६" चौडाई १" छ । लिपि नेवारी छ । संवत् ७४३ छ ।

१. स्वस्ति सम्व ७४३ भाद्रपद शुक्ल पूर्णमाश्योतिथो श्री शिखरापुरी श्री श्री श्री झंकेस्वरीस वर्ष वद्धन भाद्रपद शुक्ल द्वादशी कुन्हु अविछिनङायकं तया थ्व गुठि यङा नवतुक्व त्वाल मधनसिंह .... तया ..... कजुया ..... थ्ववेर ममोफ पति जुरो । वहा

२. र कृष्ण भारोथंक्वा छें मधनसिंह भा थंयोविद्यापीठि अमृतराज भारो क्वथोविद्यापीठि मधन भारोथंथो विद्यापीठिकल्यान भारो थ्व सकर प्रभृतिन गुठि समूह सनवुथान चोस्यं तयाम्केरवु लंख ..... रनदुन्ता .....

३. स्वाधिकार जुक्व रोव २ ग्वालकुथि यिविगड वुरोव ५ स्वंवोसछिवो थव स्वाधिकारजु को ।। पाकोवु रोव १२ थ्वलेस स्ववोसछिवो रोव ४ लंसको मधनसिंह भारो पनि स्यंतदुता थ्वलेवु थाकलिथे ..... माल

अनुवाद

स्वस्ति नेपाल संवार ७४३ भाद्रपद शुक्ल पूर्णिमा तिथिमा श्री शिखरापुरीका श्री श्री झंकेश्वरीको वर्ष वर्धन भाद्रपद शुक्ल द्वादशीको दिन अविछिन्न चलाउन राखेको यो गुठी वतुक्व टोलका मधन सिंहले हो । .....यस वेला सम्मिलित भएका ..... वहालका कृष्ण भारो यंक्वाछेंका मधन सिंह मा थंथो विद्यापीठिका अमृतराज भारो क्वथो विद्यापीठिका मधन भारो थंथो विद्यापीठिका कल्याण भारो यी सकल प्रभृति गुठियार समूहले व्यहोरा लेखी राखियो। स्केरवुलंख भन्ने .....राखेको..... आफ्नो अधिकारको रोपनी २ ग्वालकुथियिविगड भन्ने खेत रोपनी ५ मा तीन भागको एक भाग आफ्नो अधिकार भए जति, पाको भन्ने खेत रोपनी १२ मध्ये तीन भागको एक भाग रोपनी ४ लंसको मधन सिंह भारोले राखे । यस खेतको आयस्ताले ..... चलाउनु पर्छ ।

परिशिष्ट ५

यो ताम्रपत्र फर्पिङ्ग शिखरनारायणका पूजारी उत्तम शर्माको घरमा रहेको छ । ताम्रपत्रको अभिलेख कुँदिएको भागको लम्बाइ १'-१" चौडाइ ६" छ । अभिलेख यहाँ प्रस्तुत छ । संवत् ८२९ छ ।

१. स्वस्ति श्री मणिग्लाधिपतिमहाराजाधिराज श्री श्री वीर जय योगनरेन्द्र मल्ल देवसन फणपिदेश श्री ३ शिखरनारायणया जात्रायात परिपातियाङ तयागु लपज्या

२. या र ज्या ओस थका कोकायाङाओ कचङ्गल थङस मएव श्रीमणिग्लाधिपति महाराजाधिराज श्री श्री जयवीर नरसिंह मल्लदेव प्रभुशाकुरस परिपातिताम्वाय

३. त्र चोस्यं तयाजुरो भाखा गुथियसस्तं परिपाति फणपिया पूजा दारि ब्राह्मणया लाहतिस लव हुला-

ङाग्रो तथा जुरो भाषा क्वथलिवु पेचातलाबुरो १८×
भूयज

४. लेवुरो ६ भूय कयग्वचोग्रो खुतलग्रोन चातरवुरो ५×भूय चंदोलवुरो २×भूय गगलवुरो २ भूय द्वल पावु यंथ्व वंश थ्वबचातलंन रो २ भूय तुलवुरो २ भूयछवन

५. पूतवग्रो हयगलवुग्रो नेचातलनरो १×भूय हलसिक्व वुखण्ड १ भूयवोखावलं ग्रोपूणगुवलग्रो नेचातलन पात ७ भूय ग्याठक्व ग्रोलचातल ४ भूय वदूसिग्रो

६. लफात १ भूय छवनपूतवुरो ३ हितिया भूय दोको वुग्रो सिमल वुग्रो नेचातलं वरो ७× पूजावारिया तवो जुरो ॥ थ्वतेया वलसाणन वर्षप्रति श्री ३ शिखरनारायणदेव

७. स्केनिस्त्रेपथथेजुरो, जात्रायात जिवधरकायपूजाजो १ घैरकस्तिसाषरप १ धारे दुदुग ८ नेश्रावजो ५ धरिमाध्यसंह धूपदीप सह थ्वते च्याय तकं दुथ्य यायमा

८. ल भोटे १ दक्षिणाजोरछिया तव्वात ८ मुस्यार फलसमत छोयकेरथसमत छोयके थ्वते निस्त्रेपेमाल।। जाक्येफं १८० जोगिचक्रयातधिया । भोगयाछेय । भू

९. य वजिकुड १ साषता १ नैवेद्य नित्य तयमाल ।। सुखरात्री कुन्हु मालक्व हने ।। वारा चतुर्दशिकुन्हु मालक्व वियं ।। तौरसंक्रान्ति कुन्हु करश पूजा याडन भरति सीदक्व पूजाया

१०. डनम्वातफं ४ विफं १ हास्थनके ।। सात्राह्मणादियात नेश्राव दक्षिणा जाक्ये वियमाल ।। स्वयंवुस पन्चामृत पूजा घैरचाकु छाय ।। थ्वत सतिगोरखनाथ पूजा फा

११. गुणशुक्ल चतुर्दशिकुन्हु दुगुह्म १ दयकं श्री ३ भवानिस्के पूजा यायमाल पूर्णमाशि कुन्हु पन्चामृतादि अवीर फयलमाध्य स्वयंवुसछाय ।। ताछेय ।। मेष संक्रान्ति

१२. न्हथ्वकुन्हु दहयि यहिति सछवारनपाय हिति अविछिन्न हायकेमाल ।। ग्वबेरसंमालकाले शान्ति सोष्टिक सहलोहलोने रथयात स्विकायमाल ।। कथ्यं ज्ञोया न पालफय

१३. माल कुकुक्वनफेमाल ।। भूय श्री ३ हरिशङ्कर जात्रा कुन्हु भोट १ सिन्ध्र दयकं जात्रा यायमाल वलहि चाक्रमत छोयके सतिकुन्हुशुकि २ या माध्य लुयमाल ।। थ्वतेपिकाप जिस

१४. चोक्वमछिसे यायमाल ।। मालक्वबहस नप्रसेक्वलङ्—दक्व चिन्तायाक पनि स्यन मक्षाभोजन याददो ।। लिथेग्वबेरसं थका कोकायाङग्रो कचंगल थने मदु ग्वह्म नथ्वचो

१५. स्यंतया मानमयास्य कचंगल थनेसा श्री ३ शिषर णारायणया कुदृष्टि ।। थ्वतेया साक्षी श्री श्री योग मती देवी चौतारा दहलाछेसजमारो श्री राजवंश राग्रोत वुराबाहारगृह

१६. जदसिहवायु ।। देशप्रमान महापालगृह ग्रमाते कृष्ण शङ्कर मारो ।। लिखित नर्कबाहार विश्वनाथ ।। सम्वत् ८२९ आषाढ कृष्ण एकादश्यान्तिथौ । शुभ मस्तु सर्व्वदा ।। श्री ३ शिषरनारायण प्रीतिरस्तु ।। शुभ ।।

अनुवाद

कल्याण होस् । श्रीमाणिग्लाधिपति महाराजाधिराज श्री श्री वीर योगनरेन्द्र मल्ल देवले फणपिदेशको श्री ३ शिखरनारायणको जात्रालाई परिपाटी राखिदिएको विधि बमोजिमको काममा उलटपुलट गरी कचिंगल निकालेकोले मन नपरी श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय वीरनरसिंह मल्ल देव प्रभु ठाकुरले अर्को परिपाटीको तामा पत्र लेखी राखियो । व्यहोरा । गुठीको सबै परिपाटी फणपिको पूजारी श्री ब्राह्मणको हातमा सुम्पियो । यसको व्यहोरा । क्वथलिखेत पेचातला खेत रोपनी साढे १८ फेरि जलेखेत रोपनी ६ फेरि कयग्वचो, खुतल, चातर खेत रोपनी साढे ५ फेरि चंदोलखेत रोपनी साढे २ फेरि गगलखेत रोपनी २ फेरि द्वलपाखेन ५ यसमा क्वथ्व र चातल गरी रोपनी २ फेरि तुलखेत रोपनी २ फेरि छवनपुतखेत र ह्यगल खेत तथा नेचालल गरी रोपनी साढे १ फेरि हलसिक्व खेत खण्ड १ फेरि वोखावल र

परिशिष्ट २

फर्पिङ्ग झंकेश्वरी मन्दिरको बायाँतर्फ रहेको कुमारको शिरोभागमा रहेको अभिलेख

परिशिष्ट ३

फर्पिङ्ग थेप टोल बस्ने गणेशलाल मान-धरसंग रहेको ताम्रपत्र

परिशिष्ट ४

फर्पिङ्ग थेप टोल बस्ने गणेशलाल मानन्धरसंग रहेको ताम्रपत्र

परिशिष्ट ५

फाँपङ्ग शिखरनारायणका पूजारी उत्तम शर्माको घरमा रहको ताम्रपत्र

पूनगुवल तथा नेचातलन पात ७ फेरि ग्याठक्व ओल चातल ४ फेरि बंदूसि र लफात १ फेरि ध्वनपुतखेल रोपनी ३ हितिको लागि फेरि दोहो खेत र सिमल खेत तथा नेचातल खेत रोपनी साढे ७ पूजारीको लागि भयो । यतिको आयस्ताले प्रतिवर्ष श्री ३ शिखरनारायण देवताको काम चलाउनु पर्छ । जात्रा-को लागि जीवधर कायपूजा जोर १ घिउ मह सखर प १ धारेदुदुमा ८ नेश्रावजोर ५ घरिमाध्य सहित धुपदीप वाल्ने लेखिए वमोजिम गर्नुपर्छ । मोहर टेका १ दक्षिणा भर कामको लागि चिराक बत्ती ८ फलेचामा तथा रथमा बत्ती बाल्ने । यति काम चलाउनु पर्छ । चामल पाथी १८० जोगी चक्रलाई दिनु । भोग लगाउनु । फेरि च्यूरा कुरुवा १ सखर ता १ नैवेद्य नित्य राख्नुपर्छ । सुखरात्रीको दिन चाहिने जति व्यहोर्नू । वालाचतुर्दशीको दिन चाहिने जति दिनू । विलसंक्रान्तिको दिन कलश पूजा गरी सबै गहना पूजा गरी भटमास पाथी ४ नून पाथी १ ल्याई गाई ब्राह्मण दिलाई खुवाउनू । नेश्राव दक्षिणा चामल दिनू । स्वयंभूलाई पन्चामृत पूजा घिउ चाकु चढाउनू । यसको भोलिपल्ट गोरखनाथ पूजा । फालगुन शुक्ल चतुर्दशीको दिन बोका १ ले श्री ३ भवानीलाई पूजा गर्नू । पूर्णिमाको दिन पन्चामृतादि अबीर यलमाध्य स्वयम्भूलाई चढाउनू । लावा चढा-उनू । मेष संक्रान्तिको दिन दहयिय हितिमा चून लगाउनू । धारा अविछिन्न पानी बहाउनू । जुनसुकै बखतमा पनि शान्तिस्वस्ति गरिकन मर्मत गर्नू । रथको लागि काठ लिनू । कथथंझाले पालो लिनू । कुकुरा खुवाउनू । फेरि श्री ३ हरि शङ्करको जात्रा-को दिन मोहर टङ्का १ ले सिन्दूर ल्याई जात्रा गर्नू । वेलुका चक्रवत्ती बाल्नू । भोलिपल्ट शुकि २ ले रोटी-को अभिषेक गर्नू । यति उल्लेख भए वमोजिम नछु-टाई चलाउनू । चाहिने जति खर्च चलाई बाँकीले हेरचाह गर्नेहरूले भक्षाभोजन गर्नू । पछि कुनै बखत-मा पनि उलटपुलट गरी कचिंगल नगर्नू । जसले यसमा लेखिए वमोजिम नमानी कचिंगल गर्ला त्यसलाई श्री ३ शिखरनारायणको कुदृष्टि पर्ला । यसको साक्षी श्री श्री योगमती देवी, चौतारा दल्हा-छेंका सजभारी श्री राजवंश राउत वुरावाहाल घरका जदुसिंह बाबु । वेश प्रमाण महापाल घरका अमात्य कृष्ण शंकर भारी । लेखक नकवाहालका विश्वनाथ । सम्वत् ८२९ आषाढ कृष्ण एकादशी तिथि । सर्वदाकाल शुभ होस् । श्री ३ शिखरनारा-यण खुशी होऊन् । शुभ ।

सृष्टिको प्रतीक लिंगपूजा

—डिल्लीराज शर्मा

सृष्टिबाट नै सम्पूर्ण मानवको अस्तित्व कायम हुँदै आएको छ, किंचित यसको अभावमा मानव समुदाय को लोप मात्र नभई सम्पूर्ण जगत नै व्यर्थ हुने कुरा स्वाभाविकै छ। यही महत्वलाई बुझेर भनुँ या सृष्टिको एकाकारलाई आश्चर्यजनक रूपमा हेर्ने धारणाबाट भनुँ यस प्रकारको सोचाइ मानवको प्रारम्भिक अवस्थादेखि नै शुरू भएको थियो। यही सोचाइ अनुरूप पुरुष जननेन्द्रीयलाई सृष्टिको प्रतीक मानेर पूजा समेत गर्ने परम्परा बस्यो। आजभोलि शैवधर्मको एक अङ्गको रूपमा रहेको लिंगपूजा संभवतः प्रारम्भिक सोचाइको द्योतक नै हो। शैवधर्मको व्यापकतामा उनी संहारकर्ता मात्र होइनन् सृष्टिकर्ता पनि हुन् भन्ने सोचाइबाट लिंगपूजाले पछि शैवधर्मको एक महत्वपूर्ण अङ्गमा विकसित मात्र नभई लोकप्रियता समेत आर्जन गऱ्यो।

सृष्टिप्रतिको भावना प्रारम्भिक अवस्थाका मानवदेखि नै विद्यमान रहेको थियो भन्ने प्रमाणमा केही यस्ता गर्भिणी नारीका मूर्तिहरूलाई यहाँ उल्लेख गर्न उपयुक्त देखिन्छ, जसले तत्कालीन मानवमा प्रजनन सम्बन्धी धारणाको सूक्ष्म सोचाइलाई इङ्गित गराउँछ। यी मूर्ति प्रागैतिहासिककालीन हुन्।[1] यसले मानवमा गुफाको जीवनदेखि नै सृष्टिप्रतिको भावनाले विकास गरिसकेको देखाउँछ। कसैले नवपाषाणकालीन अनेक जातिमा भूमिको उर्वरताको लागि लिंगपूजा गरिने कुराको उल्लेख गरेका छन्।[2]

संसारका प्राचीन सभ्यताहरूमा पनि सृष्टिको प्रतीक लिंगको पूजा गर्ने प्रचलन थियो। प्राचीन इजिप्टमा लिंग पूजा गर्ने प्रचलन भएको पाइन्छ। Richard Gough ले आफ्नो "Comparative View of the Ancient Monuments of India" नामक ग्रन्थमा एसियाटिकहरूले लिंग (Phallus), ईजिप्सीयन, ग्रीक र रोमनहरूले प्रियपस (Priapus), क्यानानिटीज आइडिओलट्स जिउजहरूले "बाल-पेर" (Baal-Pear) को रूपमा लिंगलाई पूजा गर्ने कुराको उल्लेख गरेका छन्।[3] प्राचीन मेसोपोटामियामा पनि सृष्टिकर्ता ब्रह्मालाई लिंगम्को संकेतमा पूजा गरिन्थ्यो।[4]

1. *The New Encyclopaedia of Britannica*: Vol. 26, 15th ed., USA, 1986, P. 66

२. जयशङ्कर मिश्र– **प्राचीन भारतका सामाजिक इतिहास**, विहार हिन्दी ग्रन्थ अकादमी, भारत, १९८० पृ. ६९३

3. A. C. Das- *Rgvedic India*: Motilal Banarasidass, 3rd ed. Delhi, 1971, P. 259

4. E. B. Havell- *A Hand Book of Indian Art*; John Murray albemarle Street, London, 1920 P. 163.

सिन्धु सभ्यतामा प्राप्त केही यस्ता उदाहरणहरूले पनि लिंगपूजा त्यस वेला विद्यमान भएको प्रमाण दिन्छन्। हरप्पाको उत्खननमा प्राप्त केही यस्ता चित्ला, सुडौल ढुङ्गाका स-साना आकारदेखि लिएर २ फीट वा त्यो-भन्दा पनि बढी उचाइ भएका प्रस्तरहरूले स्पष्ट लिंगको परिचय दिन्छन्। [5]

आर्यहरूको प्रवेश भएपछि पनि लिंगपूजाको प्रचलन कम भएन यद्यपि यसले अनार्य वर्गमा ठूलो प्रसिद्धि कायम गरेको थियो। ऋग्वेदमा उल्लेखित 'शिश्नदेवा.' [6] ले लिंगपूजकलाई संकेत गरेको छ। विद्वान-हरूले यसको अर्थ लिंगलाई देवता मानेर पुज्नेवाला भनी स्पष्ट गरेका छन्। [7]

तर लिंगपूजा गर्ने यो परम्परा अनार्य या द्रविड-हरूमा मात्र थियो, यसैले ऋग्वेदमा यिनीहरूलाई राक्षस श्रेणीमा राखिएको छ। यसबाट सिन्धु सभ्यतामा प्रच-लित लिंगपूजा वैदिककालमा आउँदा पनि कायम भएको देखा पर्छ। तर जहाँसम्म शिवको कुरा छ ऋग्वेदमा शिवको नाम पाइँदैन। ऋग्वैदिक रूद्र नै पछि शिव भगवानमा परिणत भए। ऋग्वेदमा रूद्र नै हर्ताकर्ता देवतामा देखा पर्छन्, जो आफ्नो कठोरताको लागि पनि त्यतिकै ख्याति थिए। [8] यी रूद्र र माथि उल्लेखित शिश्नदेवताको के सम्बन्ध थियो त्यो मने वेदमा खुलेको छैन।

यजुरवेदको तैत्तरिय संहितामा आएर मात्र "शिव" को उल्लेख पाइन्छ। जब रूद्रको उग्ररूप शान्त हुन्छ तब उनी शम्भु शङ्कर र शिव नामले पुकारिन्छन्।[9] उनको यही शौम्यता देखाउने शिव नाम पछि आएर निकै लोकप्रिय बन्यो।

यस्तै उपनिषद्मा आउँदा पनि शिवको महत्व बढेको देखिन्छ। साथै उपनिषद्मै योनी र लिंगको सम्बन्धलाई दार्शनिक रूपमा उल्लेख गरिएको छ। श्वेतास्वत्तर उपनिषद्को- "यो योनिं योनिमधितिष्ठत्ये-को यस्मिमिदं सचवि चौतिसर्वम्"[10] र अथर्वशिरस उपनिषद्को "यो योनिं योनिमधितिष्ठत्येको यनेनं सर्व विचरति सर्वम्" [11] वाक्यले लिंगपूजाको प्रभाव परेको कुरा देखाउँछ। लिंग र योनिबाटै सृष्टि हुन्छ भन्ने धारणाबाटै यस्तो उल्लेख गरिएको हुनुपर्छ। केन उप-निषद्मा उमाको उल्लेख आए तापनि उनलाई शिवको पत्नीको रूपमा उल्लेख गरिएको छैन। [12] महाभारतमा आइपुगेपछि मात्र यिनलाई शिवको पत्नीको रूपमा स्वीकार गरिएको छ। [13] यसको साथै महाभारतमै सर्व-प्रथम लिंगोपासनाको स्पष्ट उल्लेख पाइन्छ। [14] यसरी अनार्यहरूको लिंगोपासना गर्ने परम्परालाई आर्यहरूले पनि सुस्त सुस्त अङ्गिकार गर्दै आएको कुरा माथिका

5. Mortimer Wheeler- *The Indus Civilization*, 3rd ed. Cambridge University, Gt. Britain, 1968, P. 109.

६. ऋग्वेद : ७, २१, ५

७ राहुल सांकृत्यायन- ऋग्वैदिक आर्य: कितावमहल, इलाहाबाद, भारत, १९५७, पृ. ९२

८. ऋग्वेद १, ११४, १०

९. तैत्तरिय संहिता ४, ५. १

१०. श्वेतास्वत्तर उपनिषद् ४, ११

११ अथर्वशिरस उपनिषद ५, २

12. R. G. Bhandarkar-*Vaisnavism Saivism and Minor Religious System*, Idological Book House, Vanarasi, India, 1965, P. 111

१३. महाभारत १, १५

१४. ऐजन, ७, ९४८५, ९४८६, ९४८९

प्रमाणहरूले देखाउँछन् साथै अगाडि गौण रूपमा रहेको लिंगपूजालाई आर्यहरूले महाभारतकालसम्म आइपुग्दा पूर्णरूपेण स्वीकार गरेको देखिन्छ।

तर लिंगपूजाले व्यापक स्थान भने पुराणकालमा आएर लियो। थुप्रै पुराणहरूमा लिंगपूजा गर्ने परम्परा-को व्यापक उल्लेख भएको कारणले यस सम्बन्धी धारणा-ले जनमानसमा ठूलो प्रभाव पार्न सकेको थियो भन्न सकिन्छ। स्कन्ध पुराणमा लिंगको स्तुति गर्दै भनिएको छ "त्वं हि विश्वसृजां स्रष्टा त्वं हि देवो जगत्पतिः। कर्ता त्वं भुवनस्या स्य त्वं हर्ता पुरुषः परः ॥६॥" यस्तै शिव पुराणमा लिंगको पूजाविधिको चर्चा गरिएको छ।[16] तथा मत्स्य पुराणमा लिंग र पिठिकाको विधान समेत बताइएको छ।[17]

लिंगपूजालाई अझै महत्व प्रदान गर्ने पुराण कालमा लिंग पुराणको समेत रचना भयो, जसमा लिंग-पूजाको अझ विस्तृत रूपले व्याख्या गरिएको पाइन्छ। लिंग पुराणको उत्तरार्ध भाग भने तान्त्रिक प्रभावबाट प्रभावित छ। लिंग पुराणमा पाशुपत व्रतका स्वरूप तथा महिमाको पनि व्याख्या भएकोले यसको विस्तार पाशुपत शैव सम्प्रदायमा भएको थियो।[18] यसबाट लिंगपूजाको परम्परा पुराणकालमा आएर निकै लोकप्रिय भएको देखिन्छ।

विभिन्न आगम ग्रन्थहरूको रचनापछि लिंगहरू-को स्थापना शास्त्रीय विधि अनुरूप हुन थाल्यो जसले लिंगहरूको विविध स्वरूपको वर्गीकरण र निर्माण प्रक्रि-याको विस्तृत उल्लेख समेत गरेका छन्।

पुरातात्त्विक प्रमाणको आधारबाट भन्ने हो भने भारतको मद्रासस्थित गुडिमल्लम गाउँमा रहेको शिव-लिंग प्राप्त लिंगहरूमा जेठो हो। यो लिंग शिवको मानवाकार स्वरूपमा कुँदिएको छ। यसमा शिवको जटाले शरीर ढाकिएको छ र उनले व्याघ्रचर्म धारण गरेका छन्। गोपीनाथ रावले यसलाई दोस्रो शताब्दी ई: पु. को मानेका छन्।[19] दोस्रो शिवलिंग एन. आर. बनर्जीले प्राप्त गरेको भिटाको मुखलिंग हो। यसलाई प्रथम शताब्दी ई. पु. तिरको मानिएको छ।[20] यसरी भारतमा ईशाको अगाडिदेखि नै मुखलिंगहरू बनाउने पद्धति शुरू भएको थियो। भारतको मथुरा क्षेत्रमा भने शिवको लिंग रूपका मूर्तिहरू प्रशस्त कुँदिएका पाइन्छन् जो साधारण ढाँचाबाट बनाइएका छन्। यसको तिथि ईशाको प्रथम शताब्दितिर मानिएको छ।[21] तर मुख-लिंगहरूको व्यापकता भने गुप्तकालदेखि नै देखा पर्न आयो, जसमा एकमुखी र चतुर्मुखी पर्दछन्।

यस प्रकार लिंगपूजाको प्रारम्भ अनार्यहरूले गरे तापनि क्रमिक रूपमा पछि आर्यहरूले पनि आत्म-सात गर्दै लगे। केही विद्वानहरूले ईशाको शुरूतिर लिंग पूजा हिन्दूधर्ममा आत्मसात हुन आएको कुरा उल्लेख गरेका छन्।[22] तर माथिका प्रमाणहरूले लिंगपूजा धेरै अगाडिदेखि नै हिन्दूधर्ममा प्रवेश भएको देखाउँछन्। जेहोस् आर्यहरूले आफ्नो धर्ममा लिंगपूजालाई आत्मसात गर्नु मुख्य दुई कारण हुन आउँछ- (१) तत्कालीन शैव

१५. स्कन्ध पुराण १, ७

१६. श्री शिवमहापुराणम् १, १३

१७. मत्स्यपुराण २६१, १८–१९

१८. आचार्य बलदेव– पुराण विमर्श, चौखम्बा विद्या भवन, वाराणसी, भारत, १९६५, पृ. ५५७

19. Gopinath Rao- *Elements of Hindu Iconography*, Vol. II, Pt. 1, Motilal Banarasidass, Delhi, 1958, P. 68.

20. *Ibid*. P. 65

21. R. C. Majumdar (ed.)- *The Age of Imperial Unity*, Vol. II, Bharatiya Vidya Bhawan, Bombay, India, 1953, P. 461.

22. A. L. Basham- *The wonder that was India*, Sidwick and Jackon, London, 1954, P. 308.

धर्मको अवस्थालाई अझ माथि उठाउने प्रयास गर्नु, (२) अनार्यहरूलाई पनि आफूमा समाहित पार्न खोज्नु ।

आर्यहरूले शैवधर्म अन्तर्गत यसलाई महत्व दिएको हुनाले नै होला शैवधर्मको पाशुपत र विरशैव सम्प्रदायमा लिंगपूजाको महत्व रहेको देखिन्छ । विरशैव सम्प्रदाय अन्तर्गत लिंगायतहरू आउँछन् । लिंगधारण गर्ने हुनाले यिनीहरूलाई लिंगायत भनिएको हो । आजभोलि यी लिंगायतहरू भारतको दक्षिणी प्रान्तमा बसोबास गरेका छन् । यिनीहरूलाई द्रविडमूलका मानिएको छ ।[23]

संभवतः यी द्रविडहरू जसले लिंगपूजाको परम्परालाई अङ्गालेर आएका छन्, सिन्धु सभ्यता र ऋग्वैदिककालमा लिंगलाई पूजा गर्ने द्रविड समूहका कुनै एक शाखा थिए । नेपालमा जंगमहरू मन्दिरको पूजारीको रूपमा मन्दिर वरिपरि बसोबास गरेका छन् । ने. सं. ६७९ को एउटा पत्रमा जंगम जोगीको उल्लेख परेकोले त्यस वेलादेखि नै यिनीहरू यहाँ बस्न थालेको देखिन्छ।[24]

नेपालको सन्दर्भमा लिंगपूजाको उल्लेख गर्दा वंशावलीका केही कथालाई उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । नेपाल उपत्यकाको उत्पत्तिमा सर्वप्रथम यहाँ पशुपतिको ज्योतिर्लिङ्ग उत्पत्ति भएको कथा वंशावलीमा पाइन्छ ।[25] यसैले उपत्यकामा शुरूदेखि नै शैवधर्मको प्रभाव परेको कुरा देखापर्छ । नेपालको त्रिशुलीदेखि पश्चिम गण्डकी क्षेत्र वैष्णव क्षेत्र र त्रिशुलीदेखि पूर्वको पशुपति क्षेत्रको नामले प्रख्यात थियो ।[26] यसले गर्दा पनि यहाँ अगाडिदेखि शैवधर्मले जोडतोडकासाथ विकास गरेको थियो । यसको साथै धार्मिक ग्रन्थहरूमा ६४ लिंगहरूका वर्णनमा गोपालेश्वर र किरातेश्वरको नाम उल्लेख पनि गरिएको छ ।[7] देवमाला वंशावलीको अनुसार गोपालेश्वर फर्पिङ्गमा र किरातेश्वर देवपाटनमा थियो ।[28] पशुपति मृगस्थलीमा रहेको किरातेश्वर भनिने शिवलिंग नै वंशावलीमा वर्णित किरातेश्वर भएको अनुमान हुन्छ । यस सम्बन्धमा स्पष्ट प्रमाणको खाँचो भए तापनि लिच्छवि अधिकम किराती शासकहरू शैवधर्मका नजीकका अनुयायी थिए भन्ने कुरा स्वीकार्य छ । लिच्छवि कालमा बनेका शिवलिंगलाई हेर्दा पनि यो अनुमान हुन आउँछ कि शिवलिंग बनाई उपासना गर्ने प्रचलन किरात कालदेखि नै लोकप्रिय भइसकेको थियो ।

लिच्छविकालमा आउँदा लिंग स्थापना गरेका स्पष्ट प्रमाणहरू देखा पर्छन् । मानदेव प्रथमले स्थापना गरेको विष्णु पादुकाको शिवलिंग[29] उनकी रानी क्षेमसुन्दरी र गुणवतीले स्थापना गरेका शिवलिंगहरूले[30] राजपरिवारमा समेत शिवलिंग स्थापना गरी पुण्य प्राप्त गर्ने परम्परा भएको देखिन्छ । यस्तै देवपाटनको रत्न संघले स्थापना गरेको रत्नेश्वर शिवलिंग[31] र प्रभुसंघले

23. James Hasting (ed.), *Encyclopaedia of Religion and Ethic*, Vol. VIII., T & T Clerk Gorge Street, New York, P. 69.

२४. शङ्करमान राजवंशी (संपा.), **भक्तपुर शिलालेख सूची**, पुरातत्त्व र संस्कृति विभाग, काठमाडौं, २०२०, पृ. ११

२५. नथनाथ पौडेल (संपा.), **भाषा वंशावली**, पुरातत्त्व विभाग काठमाडौं, २०२०, पृ. ६

२६. योगी नरहरिनाथ (संपा.), **हिमवतखण्ड**, गोरक्ष टिल्ला, बनारस, भारत २०१३, पृ. (परिशिष्ट) १००

२७. उही, पृ ८१

२८. योगी नरहरिनाथ (संपा.)– **देवमाला वंशावली**, महन्त क्षिप्रनाथ योगी मृगस्थली, काठमाडौं, २०१३, पृ: ६५ र ३०

२९. धनबज्र बज्राचार्य– **लिच्छविकालका अभिलेख**, नेपाल र एशियाली अनुसन्धान केन्द्र, काठमाडौं, २०३० पृ. ४१–४२

३०. उही, पृ ३९

३१. उही, पृ. ५०

स्थापना गरेको प्रभुकेश्वर लिंग [32] पनि लिच्छविकालीन शिवलिंगको उदाहरणमा महत्व राख्छन् । यी शिवलिंग-हरू साधारण चिल्लो प्रस्तरबाट निर्माण गरिएका छन् । तर विद्वानहरूले केही यस्ता शिवलिंगलाई लिच्छवि-कालको भन्दा अगाडिको मानेका छन् । पशुपतिको पश्चिम ढोकामा रहेको एउटा मुखलिंगलाई जगदिशचन्द्र रेग्मीले समुद्रगुप्तको आक्रमणपूर्व स्थापित पशुपतिको मूर्ति मान्दै यसको समय दोस्रो तेस्रो शताब्दी ई.पु. मानेका छन् । [33]

यस्तै लैनसिंह बाङदेलले वल्खुको खण्डित पञ्च-मुखी लिंगलाई चौथो शताब्दी ईश्वी र त्योभन्दा पनि अगाडिको अनुमान गरेका छन् । [3] पशुपतिको मृगस्थली-मा रहेको एउटा एकमुखे लिंग प्राचीनताको दृष्टिले पनि महत्वपूर्ण छ । यी पालले यसलाई गुप्तकालीन खोहको मूर्तिसंग सम्बन्ध राख्दै यसको तिथि ५०० ईश्वी मानेका छन् । [35] यसरी नेपालमा पहिलेदेखि नै विभिन्न प्रकारका शिवलिंग बनाई स्थापना गर्ने प्रचलन रहेको देखिन्छ । नेपालमा प्राप्त शिवलिंगहरू मुख्य २ प्रकारबाट निर्मित गरिएका छन्-

१) पिठीका माथि उभ्याइएको साधारण लिंग

२) पिठीकामाथि रहेको लिंगाकारको चारैतिर मुखा-कृतिहरू थपिएको मुखलिंग । यसमा एकमुखी र पञ्चमुखी पर्दछन् ।

विभिन्न आगम ग्रन्थहरूले उल्लेख गरेका लिंगका विविध प्रकारमध्ये सहस्रलिंग, अष्टोत्तर सहस्रलिंग, धारालिंग आदि भने यहाँ प्राप्त भएको छैन । तर साधा-रण रूपमा र मुखाकृतिको रूपमा कुँदिएका लिंगहरू खासगरी पशुपति क्षेत्रमा प्रचुर मात्रामा पाइन्छन् । यस्ता मुखलिंगहरूमा पूर्व, दक्षिण, पश्चिम र उत्तरमा क्रमशः तत्पुरुष (महादेव), अघोर (भैरव), साद्योजात, वामदेव (उमा) लाई अङ्कित गरिएको हुन्छ । लिंगको सबैभन्दा माथिको सतह इशानको प्रतीक मानिन्छ । विभिन्न आगम ग्रन्थहरूले यिनीहरूको मुख मुद्राको उल्लेख गरेका छन् । त्यसमध्ये सबभन्दा सुन्दर रूपमा वामदेव र डरलाग्दो रूपमा अघोरलाई अङ्कित गरिएको हुन्छ । अघोर रूपका सम्बन्धमा रूपमण्डनमा 'दृष्ट्वा कराल वदनं सर्पशिर्ष त्रिलोचनम । रूपमाला धरं देवं सर्प कुण्डल मण्डितम् ।।" भनिएको छ । [36] तर पशुपति आर्यघाट पुलपारीको मुखलिंगको दक्षिणतर्फको मुखलाई शान्त मुद्रामा देखाइएको छ । यसको समय पि. पालले ९ औं शताब्दी दिएका छन् । [37] यस्त वनकालीतर्फ जाने बाटो-मा रहेको शिवलिंगको पनि एउटै विशेषता रहेको छ । रमेशजङ्ग थापाले यसको समय आठौं शताब्दीको अन्त्य मानेका छन् । [38] यी दुवै मुखलिंगको दक्षिण मुख शान्त सौम्य मुद्रामा र शिरोभाग बुद्धको मूर्तिमा जस्तो उष्णि-षाकार रहेको छ । यस्तै उत्तरतर्फको वामदेवको मुखा-कृतिलाई पनि अर्ध नारिश्वरको रूपमा देखाइएको छ । यसैले यिनमा नेपालीको आफ्नै विशेषता रहेको देखिन्छ । पि. पालका अनुसार नेपालमा रहेका मुखलिंगहरूको मुखाकृति पाशुपत सम्प्रदायको सुधारक लकुलिस (छत्र-चण्डेश्वर) को मुखाकृतिमा कुँदिएका छन् ।[39]

---

३२. उही, पृ. ५५

३३. जगदिशचन्द्र रेग्मी-**नेपालको धार्मिक इतिहास**, रत्न पुस्तक भण्डार, काठमाडौं, २०३९, पृ. १५

३४. लैनसिङ वाङदेल-**प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०३९, पृ ९१

35. P. Pal - *The Art of Nepal*. Pt. I. Leiden (Koln E.) Brill, 1974, P. 83.

35. Gopinath Rao-*Elements of Hindu Iconography*, Vol. II, Pt. II, Sec. Ed. Motilal Banarasidass, 1963, P. 189. (प्रतिमा लक्षणानि)

37. P. Pal- *Op. cit*, P. 84

३८. रमेशजङ्ग थापा- "फाखेलमा फेला परेका धातुका प्रतिमाहरू" **प्राचीन नेपाल**, सं. ४१-४२, पुरातत्त्व विभाग, काठमाडौं, २०३४, पृ. १९

39. P. Pal. *Op. cit.*, P. 85.

मल्लकालमा शिवलिंग निर्माण गर्ने प्रचलनले अझै ठूलो स्थान लियो । भक्तपुरको पन्ध्रौं, सोह्रौं शताब्दीताकाको मुखलिंग मल्लकालीन उदाहरण हो । मल्लकालतिरका मूर्तिहरूमा आएको जटिलता यसमा स्पष्ट देखिन्छ । मुखको बनावट र गरगहनाको अधिक प्रयोग भएकोले अरूभन्दा यो केही फरक छ ।

यसप्रकार सृष्टिको प्रतीकको रूपमा रहेको लिंगपूजाको उद्भव स्वतन्त्र रूपमा भएको थियो । पछि शैवधर्मको व्यापकताले यसलाई पनि प्रभाव पार्‍यो र यो शैवधर्मकै एक महत्वपूर्ण अङ्ग बन्यो । हुन त केही विद्वानले लिंगपूजाको परम्परा बौद्ध चैत्यपूजाको प्रभाव मा शुरू भएको बताउँछन् ।[40] तर विभिन्न प्रमाणहरूको आधारबाट लिंगपूजा स्वतन्त्र रूपमा शुरू भएको थियो। शिवको महत्व बढ्दै गएपछि उनकी पत्नी उमालाई शक्तिकी अधिष्ठात्री माने जस्तै शिव र उमा मिली सृष्टि समेत गर्छन् भन्ने धारणा अनुरूप शिवलाई पुरुष र शक्ति लाई प्रकृतिको संज्ञा दिई लिंग र पिठीकाको निर्माण र उपासना गर्ने परम्पराको थालनी भएको हो । यसले गर्दा आज लिंगपूजा शैवधर्मको महत्वपूर्ण अङ्गको रूपमा विस्तार भएको छ ।

40. E. B. Havell- *The Ideals of Indian Art*, London, 1911, P. 87.

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

१४ श्री प्राःममिनिष्टरका हजुरमा कर्णेल डिल्लिसिंह वश्न्यात. षजांचि सिद्धिमानसि राजभण्डारिहरूले लेषि चह्राई पठायाको जिल्लै पर्सा जिल्लै बारा, जिल्लै सर्लाहि तप्पा रौतहट जिल्लै महुतरि जिल्ला ५का विगहट्टिको दस्पत वमोजिम माल वितिको फाट. लगाई तेरिजका फर्द उतारि. चह्राई पठायाको छः नजर मैं जाहेर होला. त्यो चावल हेटौंडामा आई पुग्न्या र. नपुग्न्या हजुरबाट तजवीज गरि बक्स्या जाला. हेटौडाको चावल भिफेदि पुऱ्याउनालाई गाडा चलन्या वाटो भैंस्यासम्म वनाउन लाया वढिया होला भनि कपतान् महारुद्र षतूलाई २।३ फेरा लेषि पठाजा. हजुरमा पनि अर्जि लेषि चह्राई पठायाको हो. माहा रूद्र षतूले पनि नेपालतिर अर्जि चह्राई. मर्न्या र लेषन्या मानिस झिकाउन नसकन्या अैल्हे अलिकब्रि. भदैया चावल सिरमा बोकि लैजादा कति. कतिको चावल आयो भनि झिजोमान्या चावल मर्न्याः मानिस पनि ७।८ जना. देषि. न बढता छैन. भनि दारोगा देवलले सुनायो. लेषन्या मानिस. मर्न्या मानिस. नहुदा. रैतिहरू ५।६ दिनसम्म हेटौडामा वस्नु पर्दा रैतिहरू साह्रै दिक दारि छन् आफनु रस वोकि लग्याको आधाताहिवसि षान्छन् भनि तारासुवाले पनि भन्यो. यस्तो भयापछि काम वरावाद हुन लाग्यो. हिउदो मैंह्लामा हेटौडाका चावल अझसम्म पिपा षलासिले वोकन न आउदा यो पनि वडो आश्चर्य लाग्यो. हेटौडाका टोरि छाला सबै माटो भैंगयो. यो चावल पनि तस्तै होला भनि टीपि राषि कराउंछु. अवर आषाले पनी देषि सक्नुः तिमिहरूले हेटौडामात्री पुऱ्याउ. बोकाउन्या र नबोकाउन्या पछि थाहा होला भनि मर्जि भयाको हो. भदैया चावलको ता यो दसा निसरिहनको चावलको क्या दसा हुन्या हो. वर्षामा फौजले चावल बोकनु आउला. फौजको वरवाद होला कि भन्या जस्तो लाग्छ. हामी नेपालबाट आउदा मकवानपुर दर्दरा पाउस् सुनाचुरि सुपिग संग्रामतार. इनै डांडा अगलवगलका रैतिहरूले वाटो वनाउनलाई काढा आपना. नून र झारालि काम गर्नु. लाग्याको थियो र उसै वेलामा हामि पुग्यौ र चिसापानिका हाकिमले जसै हिउद लाग्यो. पुल बनाउन र बाटो वनाउन वर्स्यादि टंटा लाउन्या. येक मुठी कैन्है षानु पाउदैन. सवै झाराको माथि हामीलाई टंटा गर्नु अैल्हे तिनिहरू नकराउ. अघिपछिका जस्तो वेला छैन. यो वाटोमा गाडा चलन्या गरि वनाउन पर्न्या छ. तिमिहरूलाई श्री ५ सर्कारबाट निगाहा रहन्या छ. अैल्है रागा. षान्यालाई रागा षसि षान्यालाई षसि हामिहरू मध्येस पुग्या वितिकै पठाई दिउला अैल्हे १ फेरा तिमिहरूले गोहार दियौ. तिमिहरूले वारंवार गोहार दिनु पर्दैन. श्री ५ सर्कारमा विति गरि तिमिहरूको ज्यालाको वन्दोवस्त गरि दिउला. तिमिहरू हडवडाउनु पर्दैन भन्दा पेटको याद गरि दिया ज्यूले काम गर्नलाई हामि हाजिर छु भनि राजि भै रह्याको थियो. वरेवा पुग्या वितिकै सतार रागा २ षसि ४ चावल मना ५ नून तेल षुर्सानि सवै पठाई दिआ राजा पनि भयाको थियो. वाटो

बनाउनलाई पनि श्री ५ सर्कारबाट निकासा भै आयो गाडा, टटु, बयलको मजरि, को पनि निकासा भै आयो बाटो बनाउन लाउनु. लाउनलाई पनि रुपैया पठाइदिया-को थिब्यू. जमादार हुंदा सिपाहि पनि पठाई दियाको थिब्यू. र रुपैजा पनी फिर्ता भै आयो. जाहाका मानिसलाई अरू काम लाउनु पर्न्या छ ताहाको मानिस-लाई अरू काममा नलाउनु भनि दस्खत आयो भनि कपतान् महारुद्र षतृ. ले चिठि लेषि पठाया. पथरका बाटो बनाउनलाई मध्येसियाको पहुचै नपुगन्या जानु पनि मनसुवा नगर्न्या जबरदस्ति गरि पठाउ भन्या १ जना परवतियाले काम गर्याको मा १० जना मध्येस्या लागन्या त्यो पनि काम तफाट हुन्या १ जनालाई ज्या-लादि सग्न्यामा १० जनालाई दिनु पर्न्या धेरै रुपिजा लागन्या जो मर्जि

लेषवठ रसदको

असामि	अवादि बीगहा	रुपिजा
प्रगना सर्लाहि गैह्र-	३५०५४।।।४।।१।।	४५१९७।२२
माल-	३४०९५।।।३।।३।।	दर १।- ४२६२०।।।२
घर वारिकम्सरहि बैरानी		
जुमिन मोमयाको १० सालस		
म्म	३३९	दर ३ १०१७
बिर्ता गैह्र	६२०९.।।	दर ३ १५६०।।
तप्पारौटहट	४४४७०९३।।३	६७४८५।।।३।।२
माल	३७६७१९४।।।३।।	दर १। ४७०८९९-।।।२
घरबारिराईसिजाजी	१८०।।३९।।१	दर ३ ५४२-।
बिर्ता गैह्र	६६१८।३।।	दर ३ १९८५४।।।-।।
जिल्लैबारा	४९९६८।४।३।।	७८३०१।
माल	४१८६८९२।।४।।	दर १। ५४०.००
बिर्ता गैह्र	८१००।१।।४	दर ३ ३४३०१।
जिल्लै पर्सा	२४३५६९४।३	४१६३७।।।-१
माल	१७९६०।।४।।२	दर १। २२४५०।।-।।१
बिर्ता गैह्र	६३९५।।४।।।१	दर ३ १९१८७ ।।
जिल्लै महुतरिको		
बिर्ता गैह्र	२३४१५।।।४६४	७०२४७।। ।।।
	१७७२६५।।।१	३०२८७०।.।।१

पौष वदि ६ रोज

श्री प्राईममिनिष्टरका हजुरमा कप्तान् महारुद्रषतृबाट लेषि चह्राई पठायाको चावल भर्न्या मानिस कम हुनाले चावल भर्नलाई ढाकि सकनलाई पनि मुस्किल भयो. भन्याका चावल ढोक्रचा माहालनर ढोक्राका मुष सिउन-लाई पनि मान्छे पुगेन: लेषन्या मानिस पुगेन भनि अधि हजुरमा अर्जि लेषिचह्राई पठायाको हो जाहेर भयो हो. हजुरबाट पठाई बक्सनु भयाको मुषिया १ नौसिंदा ५ आई पुग्यो. काजिबाट मुषिया नौसिंदा ५ मात्र आइ पुग्या अरू आयाका छैनन् येति लेषन्या मानिसले लेषना को काम पनि ढाकन सकेन बाकि म पनि कार्तिक मैन्हा देषि हेटौडा झन्याथ्या: औलको जरोले बेकम गर्यो लेषन्या भर्न्या भारि हालन्या. ठाउमा नहेरि नहुन्या मलाई भन्या बेथाले साह्रै दबायो: केहि दैव संयोगले बितबल् पर्यो भन्या सर्कारको काम बिग्रला भनि बिति चह्राई पठायाको हो ।

ताहापछि प्राइममिनिष्टरबाट काजि डिल्लिसिह बश्न्यात् षजांचि सिद्धिमानसि राजमडारिलाई लेषिगया-को मध्येसबाट आयाका चावल बोकनालाई गाडा, बयेल हाति घोडाको डाक राषि भिफेदिमम्म ल्याउन भनि तिमिहरूलाई अह्राई पठायाको हो मंसिर मैह्रा त भयो. केहि चावल हेटौडासम्म मात्र आयाको छ भन्या समाचार आयो. ति चावल भिफेदि कैल्है आउँछ जाहां कैल्है बोका-उनु. क्या अर्थले चावल बोकाउनामा ढिल गर्यो. चाडो तनमन गरि घोडा बयलले बोकाई चावल भिफेदिमा आइ पुग्न्या काम गरि पठाइ देउ पिपाहरू पठायाको छ. पिपाहरूले भिफेदि देषि बढी मात्र बोकन्या छन्. गाडा बयललाई मजुरि ३७।। हजार रुपैया पठायाको क्यागर्यो. अरू चावल भिफेदी आई पुगेन ढिल गरि चावल आई पुगेन. भन्या तिमिहरूले अपजश पाउला. तिमिहरूलाई जिल्ला जिल्लामा डुलि वाहार गर्नपठायाको होइन चाडो चावल भिफेदिमा आइपुग्न्या काम गर ११ साल मिति पौषवदि ६ रोज १ शुभम्-

पौष वदि ७ रोज ३

ताहापछि श्री प्राइममिनिष्टरबाट कर्णेल कृष्ण ध्वज

कुवर राणाजिलाई लेषि गयाको फौजलाई चाहिन्या गोला गीराफ गोलि गैह्र वर्ष जाना मजि भै आया वमोजिम तयार गर्न्याको छुट्कट् पुगनपुग थपनु पर्‍या. काम गरुवा मन्या र आहालाई वस्न्या ठाउको तजवीज गर्दा सिवानाको पनि नगीच चैत्रमैन्हासम्ममा जुमला जान्यलाई हिउले रोकन पनि नसक्न्या. होचो येकै नाघना भयाको रसदलाई पनि जाहा वझां वाजुरा डोटि गैह्र जाबाट ल्याउनाजाई पनि सजिलो जगा हुनाले गलफातुंचु गाउमा डेराषलंगा लस्कर राषी पल्टनलाई तारा हान. सघाउन. सिकाउन लाग्याका छन्. गम्गढि-वाट र ठुवाठुला र नाघना पर्छन्. गमगढिमा जान्या काम गर भनि मजि हुन्छ. तापनि जाहा वस भनि मजि हुन्छ तापनि जो मजि भनि लेष्याका कुरालाई तिमिले तजविज गरि गल्फातुंचु भन्याको गंगामा लस्कर राषन्या काम वढिया भयेछ. वैसाषमा लस्कर लि तिमीहरूले ताक लाषार जानु पर्न्या छ. जाहावाट हाम्रो मजि आउन्या वितिकै जान्या काम गर्नु. रसद वोक्न्या चौडि घोडा. भेडा च्यांग्रा षसि लुलु गदाहाको मोलदि. षरिद गर्नु. ज्यालामजुरिको वन्दोवस्त गरिराषनु. चैत्र वैसाषमा रसद वोकाउनु पर्न्या छ. उस वेलालाई हर्कत हुन नपावस्. रसद वोकाउन्या काम गर्नु. राजा रजौटाहरू जो छन्. भन्यालाई आफुले ल्यायाको मानिसलाई षानु. आफै पुऱ्याउला भन्या जति छन् उनलाई साथ.मा लैजानु: आफुसंगका मानिसलाई रसद पुऱ्याउला भंन सक्तौन. हामिर जान्छौ भनि आउन्यालाई गौडा कुहि वस भनि गौडामा राषन्या काम गर्नु. आपना फौजलाई डेढ वर्षसम्म पुगन्या रसद षर्च जाना स्मेत जो चाहिन्या. येतावाट उदि गया वमोजिम तयार गरिराषनु. काम पर्न्याका वषतमा हर्कत हुन नपाउन्या गरि काम गर्नु तिमि जान्यै छु पल्टन षालि १ पनि नराषनु. गोर्षालि सिपाहिमा भर्ना गर्नु. हाम्रा येत तर्फका रैतिहरूले भोटतर्फ गै रुपियाले नुन षरिद गरि ल्याउंछन् भन्या ल्याउनु दिनु. अब गैह्र भोट-तर्फ लगी नुन ल्याउन नदिनु. हाम्रा हुमला कुर्ह जान्या. जमादारलाई वेगार कुरामा १।२ चिठि आवतजावत भयाको रह्या छन् र ताकला षारिहरूले लेषेको भोटे अक्षरको चिठि ताहा. चन्हाई पठायाको छ भनि लेष्याका कुरालाई सो चिठिको उत्रा. निज ताकलाषारका ढेवालाई तेरा भाका गरि लेषन्या मसौदा १ ज्मा कागज २ हालि. पठायाको छ. सो मसौदा वमोजिम लेषि पठाउन्या काम गर्नु औ जंगी काज चलंजोसम्म मिलाई कम्यांडर कर्णेल भन्या षिताप भयो आफुले लेषदा. पनी कम्याण्डर कर्णेल: भनि लेषनु. आफुलाई अरूले लेषतापनि येहि वेहोरा लेषनु भनि उदि दिन्या काम गर. सिवानामाथि मिचि कहि ज्यूलिन्या कहि वेपारमा षल्वल् पार्न्या तिमिहरूका भोट तर्फवाट हामिलाई भयो. येस कुरा ह्लासावाट ठाउठाउंको सिवानालाई वन्दोवस्त नहुज्याल: हाम्रा मुलुकका वेपारि महाजन कर्सेलाई पठाउदैन. जव ह्लासावाट यौटा पक्का वन्दोवस्त होला. लेखपढ गरि दुई तिरका रैति प्रजालाई सुष हुन्या वन्दोवस्त होला ह्लासावाट येस्कुराको वन्दोवस्त भएन. जो पर्ला सो वेहोरौला. भनि ताकलाषारको ढेवालाई भोटचा अक्षरको चिठिको जवाफ येस वेहोराको लेषनु शुभम् ।

श्री प्राइममिनिष्टरवाट कप्तान वर्फानसि वस्न्यात् को लेषियाको भुचु भन्याका नजा घरमा रसद राषनालाई र साहै हिवारिको जगाघर चिसो हुंदा हाल सिमकोटमा वन्याका जगेरा घरमा राष्याको छ. घर वनायापछि भुचुका जगेरा घरमा राषन्या काम गरौला. भांन्या विस्तार सहित जो भयाका विस्तार लेषन्या काम वढिया गर्न्या छौं. गमगढिमा सवै लस्कर राषन सागुरो हुंदा र गल्फावाट हुमला नजिक पर्न जांदा गल्फा चुंचु भन्याका जगामा लस्कर राषन्या काम वैसाषमा लस्कर लि तिमि हरूले ताकलाषार जानु पर्न्या छ. जाहावाट हाम्रो मजि आउन्या वितिकै. जान्या काम गर्नु. रसद वोकाया घोडा चौरि भेडा च्यांग्रा लुलुषसि. गदाहाको हाजिरि लेषि पठाउन्या काम वढिया गर्न्या छौ. इ षरिद गर्न्या काम नगर्नु. ज्याला मजुरिदि. रसद वोकाउन्या काम गर्नु. राजा रजौटाहरू जान्छौ भंन्या लाई आफुले ल्यायाका मानिसलाई षान रसद आफुले पुऱ्याउला भंन्या जति छन् उनलाई साथमा लैजानु. आफुसंगका मानिसलाई रस पुऱ्याउनु भन्या सक्तौन. हामिर जान्छौ भन्या लाई नलं-जानु. गौढा कुहि वस भनि गौडामा राषन्या काम गर्नु. आपना फौजलाई डेंढ वर्षसम्म पुगन्या रसद र षर्चजाना

येतावाट उर्दिगया वमोजिम तयार गरिराषनु. काम परियाका वषतमा कौनै कुराको हर्कत हुन नपावस्. पल्टनमा षालि १ पनि नराषनु. गोर्षालि सिपाहिमा भर्ना गर्नु. हाम्रा येसतर्फका मानिसले अनाज भोटतर्फ लगी नुन स्रातन र अनाज गैह्र भोटतर्फ लैजान कर्सलाई नदिनु. नुन रुपियाले किन्यालाई किन दिनु. शुभम्-

पौष वदि ८ रोज ३

ताहापछि श्री प्राइममिनिष्टर. का हजुरमा कर्णेल षड्गवहादुर कुवर राणाजी. वाट लेषि चह्राई पठायाको. म पनि मंसिरका ११ दिन जादा. धनकुटा आइपुग्या. आहाको काम कुराका अर्थलाई वालुचु गोलामा रसद षजाना राषन्या घर वनाउनालाई काठ कटाउनु. भनि म नेपाल छर्दै आहा कारिन्दाहरूले पनि वोसिकमि पठायाको रहेछ : आजकाल वालङचुङमा हिउ पन्याको हुनाले वरिपरि नगीचमा काठ काटन नसक्दा वालुचु देषि २ दिनको वाटो वढो काठ काटचाको रहेछ र म आहा पुग्नी वालुचुङमा गै त्यो काटियाको काठ वोकाई षजाना रसद राषन्या घर पनि वनाउनु. आहावाट चलान गरि पठायाको छ. जंगी असवाफ षजाना रसद गैह्र बुझि राषनु. भनि कपतान भिमल आलेलाई श्री गोरषदल पल्टन समेत दिः पठाउन्या काम गन्या मध्येसका रसद गैह्र षरिद गरि वीजैपुर अडामा जमा गरि आहावाट आयाको लेफटेनलाई राषि रसदका भारि हालि बुझाई दिनु भनि काजि हेमदल थापालाई षटाउन्या काम गन्या. मुलुकको झारा उठाई रसदका भारि चलाउनालाई कपतानलाई षटाउन्या काम गर्दछु. पुष मैन्हादेषि रसद पनि चलाउन्या काम गर्दछ: मेगजीनमा वनाउनु पर्न्या जंगी असवाफ षजानाहरू पनि चलाउन्या काम गर्दछु रसदहरू चल्यापछि वालुङचुङ गोलामा ३।४ हजार रसद जमा भयापछि म पनि आहावाट तयार भयाको जंगी असवाफ षजाना समेत पल्टन गैह्र साथमा ली वालुङचुङ जान्या काम गर्या छु. भोट तर्फको षैषवरका अर्थ र वालुङचुङका गौवाहरूलाई झिकाई पठायाको छ तिनिहरूमा आइपुग्या पछि सोधपुछ गरि विति चह्राई पठाउन्या काम गरुला शुभम्-

श्री प्राइममिनिष्टरका हजुरमा कपतान सताराम षतूले चह्राई पठायाको रमुवादेषि वाटो वनाउन थालि भरिसक्य गौडा गल्का सिढि भगारमा पनि जस्नामरहले हुंछ चाकरका वुद्धि वगंदले भेटायासम्म सष्पभर गरि मार्गसम्म तयार गरि. अरू वाटामा ज्मादारले षव्वज-राषि अह्राई सिकाई हजुरमा हाजिर हुन आउंदा वाटामा आई जा भन्या दस्षत पाजा. ताहादेषि वढोका वाटामा येस्ता तरहले वनाउनु भनि देषाई सिकाई आइत वारका दिन हाजिर हुन आउला शुभम्-

पौष वदि ९ रोज ३

श्री प्राइममिनिष्टरवाट कप्तान महारुद्र षतूलाई लेषि गयाको रसदका चावल भर्न्या लेषन्या ढोकाको मुष स्यु या मानिस पुगेनन्. भन्या विस्तारले षन्या काम वढिया गन्या छौ. मुषिया १ नौसिदा ५ आहावाट गयाका र काजि डिल्लि सिंह वश्न्यातले पठाई दियाका स्मेत मुषिया स्मेत नौसिदा ५ पुग्या छन्. वढिया भयेछ. पौष वदि ७ रोज २ का दिन लेषन्या नौसिदा जना १० पठाई दियाका आई पुगेनन्. १५।२० नौसिदा. अरू पनि तजवीज गरि. आहावाट चाडै गरि पठाई दिन्या काम गरियेला. चावल भर्न्या मानिस का कुरालाई ज्मादार दुर्गा गिरिको पट्टी १ पठाई दियाको आई पुग्यो हो. तेति ले पुगेन भन्या फेरि पठाइ दिउंला. ताहाका रसदको हेरचाह र मानिस पुग्या नपुग्याको तजवीज गरि सबै कुराको वेवास्ता वाधिदेला. तिमिले चह्राई पठायाका रसदका नमुनाका चावल पोका २ आहा आई पुग्यो. २ पोकामध्ये येस पोकाका चावल भर्नु भन्या र येस पोकाका चावल नभर्नु भन्या वेहोरा दुवै पोकाका पीठमा लेषि पठायाको छ. लेष्या वमोजिमका चावल भर्न्या काम गर्नु शुभम्-

पौष वदि १० रोज ६

तर्स्त वखतमा चार वर्ण छतिसै जातलाई रासद पुऱ्याउनु भन्या विहोराको दस्षत् भयाको स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री प्राईममिनिष्टर यान कम्यांडर इन चिफ जनरल जङ्गवहादुर कुवर राणाजी कम्यांडर इंन चिफ जनरल वम्वहादुर कुवर राणाजी कस्य पत्रम्-

आगे सहर काठमाडौंभर अम्वलका द्वाऱ्या प्रधान नाइक्या माहान्या संत महंत रकमि भला आदमि छोटा वडा जातिन्या ढाकचा रैति पौनि पात चार वर्ण छतिस जात गैहुंके यथोचित उप्रांत अधि अधीका मुषतियार. का पालामा. साल वसाल झारा बेठ वेगार.को टंटा लाग्दा दुनियादार. रैतिहरूले साह्रै दुष पाया. हाम्रा वज़ीरी मुषतियारिमा दुनियादार. रैती.लाई दुषदिन्या काम वढिया छैन. जेल्हे श्री ५ सर्कारका काम परि आउला. उसै वेलामा आफु आफुले गर्न्या काम जो पर्ला सो गर्लान् भनि सम्वत् १९०४ सालदेखि १९१० सालसम्म दुनियादार रैति गैहुलाई. झारावेठ वेगारको टंटा केहि लायाको थियेन. आज श्री ईश्वका इच्छाले उत्तर दिसातिर लडाथिको कारषाना हुन लाग्यो. तसर्थ फौजका भरमा रैयत रैयतका भरमा. फौज फौजले ज्यू दिनु पर्छ. रैयतले १९११ सालका वालिमा. रसद पुऱ्याउनु पर्छ. तसनिमित्त तपसिल माफिकका दरवन्दि वमोजिम जौन अंन दिनामा तिमिहरूलाई सजिलो हुंछ. येक घरको येक थोक अंन द्वाऱ्या प्रधान नाईक्याले आपना आपना गाउघर टोल टोलमा माहान्या कटुवाल लगाई हाक हलाई. तगेदा लगाई जमागरि आपना घरको स्मेत वोकाई आफु स्मेत गै चैत मैन्हा देषी वढो टिकुऱ्या गोदाम घर दाषिल दाषिल गऱ्याका अंनको तपसिलमा ठेकियाका दर भावले रुपैया र रसिद लिजानु जंगीकाज निमित्त लाग्याको रसद: आफु आफुलाई लेषियाका दरवन्दि. वमोजिमको अंन चैत मैन्हा भरमा पुऱ्यायनौ. पछि रसिद जाँचदा रसिद देषाउन सकेनौ र जस अम्वल गाउका द्वारा प्रधान नाईक्या. तालुकको रसद आवैन: तेस द्वाऱ्या प्रधान नाइक्योंलाई र नपुऱ्याउनालाई जंगी अैन वमोजिम जात अनुसारको सजाये होला-

तपसील

चार वर्ण छतिसै जातले रैकर जिल्ला जफतिजगा कमाउन्या र

मठ सदावर्त गुठि तलव वितलव विर्ता वेष मर वट फिकढार सर्वी

क माफ भयाको जग्गा. औमयाउ मोहरिका म ना चावल महसुल.

का जग्गा ज्यूनि पेट षर्च छाप रज वाधा घरवारि किपट्. सुना त्रिर्ता सेवा विर्ता चौधरि भन्या रैर कम गैहुंका षेतपाषामा वसि कमाउन्या मोहियाको दरवन्दि- -

४३ मुनो देषी माथि षेत पाषा स्मेत कमाउन्या हल पाप्रा कोदाल्या ज्यासुर्के भया पनि षेत मुरी १ को माना ३ दरले जति मुरि षेत कमायाको छ उति मुरि षेतको हिसाव गरि पुऱ्याउनु- १

१ मुरि देषि ४२ मुरिसम्म षेत र पाषो स्मेत कमाउन्या भया पनि पाषो मात्री कमाउन्या भया पनी. हलघर १ के पाथि १६ पाप्रा घर १ के पाथि १२ को दाल्या घर १ के पाथि ८ का दरले पुऱ्याउनु- २

रोपनिका हिसावले कमाउन्याको पाषो मात्री भया पनि षेतका सरह रोपनी ।१। का पाथि डेढ दरले जति रोपनी छ उति रोपनीको हिसाव गरि पुऱ्याउनु- ३

पाषो कति न कमाउन्या षेत मात्री कमाउन्याले षेत मुरि १ को माना ३ का दरले जति मुरि षेत कमायाको छ उति मुरि षेतको हिसाव गरि पुऱ्याउनु- ४

षेत पाषो कमायाको पनि छैन विर्ता वेषफिकढार पनि पनि छैन अरू थोक रोजी वन्द वेपार गरिषान्या. घर १ के पाथि ८ का दरले पुऱ्याउनु- ५

विर्ता तलव सर्वी क माफ भयाको र सुना त्रिर्ता सेवा विर्ता वेष मरवट् फिकढार माना चावल मठरजवाधा जग्गाको दरवन्दो -

आफनु जगा आफुले कमायाको भन्या षेत कमाउन्याको माथि लेषियाका दरवंदि वमोजिम मुलुक सरह पुऱ्याउनु. विर्ता षेतका आम्दानी षान्याले षेत मुरि १ को माना चार४का दरले जति मुरि षेत ठहर्छ उति षेतको हिसाव गरि पुऱ्याउनु- ६

पाषा जगाको पैदावार आम्दानी षान्याले रूपैया १ को माना ४ का दरले जति रुपैया पैदाको जगा छ उति रूपैयाको हिसाव गरि पुऱ्याउनु- ७

(क्रमशः)

ABOUT THE AUTHORS

Mr. Sukra Sagar Shrestha	—Epigraphist, Dept. of Archaeology, H. M. G.
Mr. Corneille Jest	—Anthropologist and UNESCO Consultant.
Mr. Jagadish Chandra Regmi	—Lecturer, Department of Culture, Kirtipur Campus, T. U.
Mr. Tirtha Prasad Mishra	—Lecturer, Department of History, Kirtipur Campus, T. U.
Mr Uddhav Acharya	—Lecturer, Department of Culture, Deurali Campus
Mr. Dilli Raj Sharma	—Assistant Lecturer, CNAS, T. U.

'प्राचीन नेपाल'का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, नृतत्त्वशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.